संघर्ष, स्वाभिमान र स्वावलम्बन

# सहारा टाइम्स

SAHARA TIMES NATIONAL FORTNIGHTLY

राष्ट्रिय पाक्षिक

www.saharatimes.com.np

• वर्ष १५, • पूर्णाङ्क ३०८, • अंक १ • २०८० साल भदौ १६-३१ गते (2 Sept, 17 Sept, 2023) • मूल्य रु. १०

प्रकाशकीय

## हामी १५ वर्षमा

२०६६ भदौं १६ गतेदेखि प्रकाशन सुरु भएको यस सहारा टाइम्स राष्ट्रिय पाक्षिक पत्रिकाले सफलतापूर्वक १४ वर्ष पुरा गरि १५ वर्षमा प्रवेश गरेको छ। यस सुखद अवसरमा सबैलाई धन्यवाद तथा शुभकामना । एउटा आन्दोलनको रुपमा जन्म लिएको यो पत्रिका अझै आन्दोलनमै छ । १४ वर्षमा एक दिन पनि थकाइ नमारिकन ३०७ अंक पत्रिका प्रकाशन भएका छन् । हरेक ३०७ अंक विशेष अंक हुन् । समानुपातिक समावेशी, लोकतन्त्र, संघीयता, गणतन्त्रको पक्षमा डटेर लड्यो र आउने दिनमा पनि लडि रहने विश्वास दिलाउन चाहन्छु । सहारा टाइम्स पत्रिकाले समावेशी, संघीय लोकतान्त्रिक गणतन्त्रका लागि कहिले कुनै सम्झौता गरेन । मधेशी, आदिवासी, जनजाति, दलित, महिला, पिछडिएको समुदायका पक्षमा सदैव अवाज उठाइ रह्यो । र, यी सब तपाईहरुको माया र सद्भावको कारणले मात्र सम्भव भयो ।

नाकाबन्दी, भुकम्प त्यसपछि कोरोनाका कारण नेपालको अर्थतन्त्रलाई निकै प्रभावित पार्‍यो । त्यसबाट कुनै क्षेत्र अछुतो रहेन । सञ्चार क्षेत्रको झन ढाड नै भाँचे जस्तो भयो । अहिलेसम्म त्यसको मारबाट मिडियाहरु उठ्न सकेका छैनन् । थुप्रै मिडिया बन्द पनि भइसकेका छन् । साना लगानीका मिडियालाई त झन गाह्रो भइरहेका छन् । त्यस अवस्थामामा पनि तपाईहरुको माया पाएर दुख कष्ट झेल्दै यहाँसम्म आइपुगेका छौं । अगामी दिनमा पनि तपाईहरुको माया, सद्भाव पाइरह्यौं भने अगाडि बढ्न हामीलाई कुनै समस्या हुनेछैन । समय समयमा तपाईहरुबाट आउने प्रत्यक्ष, अप्रत्यक्ष सुझाव र गुनासाहरुले हामीलाई अझ गम्भिर भएर अगाडि बढ्न बाटो देखाउँछ ।

डिजिटियल मिडियाको सुरुवाती यस युगमा पक्कै पनि प्रिन्ट मिडियाका लागि ठूलो चुनौती आएको हो । र, प्रिन्ट मिडियाका लागि झन चुनौती थपिदै गइरहेका छन् । पाठकको स्वाद फेरिएको छ । रुची फेरिएको छ । यो कुराको ज्ञात हामीलाई राम्रोसँग छ र त्यसमा हामी गम्भिर छौं । पाठकको स्वाद अनुसार र रुची अनुसार कसरी सामाग्री दिन सकिन्छ, डिजिटलको यो भिडमा सहारा टाइम्सलाई कसरी पढाउन सकिन्छ त्यसले हामीलाई चौबीसै घण्टा कुतकुत्याई रहेका हुन्छन् । र, त्यही कारणले हरेक अंक, हरेक पृष्ठमा केही नयाँ दिने प्रयास हुन्छ हाम्रो ।

३० सकेण्ड, ६० सेकेण्डको रील र टिकटक हेर्न अभ्यस्त भइसकेका पाठकलाई प्रिन्ट मिडियामा टिकाउन कम्ती गाह्रो छैन । पत्रिका हातमा लिएपछि कुनै पनि सामाग्री पढ्न बाध्य कसरी पार्ने, एक चोटी नजर लगाएपछि एउटा सामाग्री कसरी पढी सक्ने त्यसको बारेमा पनि हामी योजना बनाइरहेका छौं । सोची रहेका छौं । र, अन्त्यमा तपाईहरुको सुझाव र प्रतिकृयाको हर हमेशा इन्तजार हुन्छ । १५ वर्षसम्म माया गरिदिनुभयो, आउने दिनमा यस्तै माया गरि दिनुहुन्छ भनि अपेक्षा गरेको छु । धन्यवाद ।

**प्रकाशक, लाली यादव**

# भारत छिर्न मधेशको भूमी प्रयोग गर्छन् चाइनिजहरू

गत साउन ६ गते शनिवार राती नेपाल-भारत सीमा रक्सौलका इमिग्रेशनको अधिकारीले दुई जनालाई चिनियाँ नागरिकलाई समातेका छन् । वीरगञ्ज हुँदै बिना पासपोर्ट भारत प्रवेश गर्न खोज्दा उनीहरुलाई समातिएको छ । रक्सौल इमिग्रेशनका अधिकारी सुरेश सिंहका अनुसार यी दुवै जना असार १७ गते पनि बिना पासपोर्ट समातिएका थिए तर उनीहरु चेतावनी दिएर छाडिएको थियो तर २० दिनपछि फेरि उनीहरु राती १० वजे रक्सौल हुँदै भारत छिर्न खोज्दा उनीहरु पक्राउ परेका छन् ।

**◆ २०७९ चैत १ गते भारत विहार सीतामढी जिल्लाको सोनबरसाबाट एक जना चिनियाँ महिलालाई पक्राउ गरेको थियो ।**

त्यस्तै, साउन ३ गते भारतको किसनगञ्जबाट एक जना चिनियाँ नागरिक पक्राउ परेका छन् । त्यसको साथबाट नेपाली पासपोर्ट र नेपाली नागरिकता फेला परेको थियो । नेपाली पार्सपोर्ट र नागरिकता देखाएर उनी भारत छिरेका थिए । भारतीय प्रहरीलाई आशंका लागेपछि छानविन गर्दा उनी चाइनिज रहेको पत्ता लागेको थियो । पछि त्यो पासपोर्ट र नागरिकता पनि नक्कली रहेको प्रमाणित भएको थियो ।



भारत विहारको खोरीबारी प्रहरी चेकपोस्ट पानीट्याङ्कीको छेउबाट समातिएका चिनियाँ नागरिकको साथबाट ४६ हजार नेपाली र ६ हजार भारतीय रुपियाँ बरामद गरिएको थियो ।

२०७९ चैत १ गते भारत विहार सीतामढी जिल्लाको सोनबरसाबाट एक जना चिनियाँ महिलालाई पक्राउ गरेको थियो । त्यो महिलासँग न कुनै पासपोर्ट थियो न अन्य कुनै कागजात । ती महिलाका साथमा सर्लाहीका तीन जना पनि समातिएका थिए । त्यसमध्ये दुई जना महिला थिए । त्यसअघि त्यही दुई जना उज्बेकिस्तानी महिला पनि समातिएका थिए ।

यी दुई चार वटा उदाहरणहरु मात्र हुन् । तराई मधेशको भूमी प्रयोग गरेर भारत छिर्न लाग्दा प्रत्येक महिना दुई तीन जना समातिएकै छन् । भारत विहारको प्रहरीले दिएको तथ्यांक अनुसार नेपाल-भारत बोर्डर खासगरि मधेश सीमा क्षेत्रबाट अवैध रुपमा चाइनिजहरु भारत प्रवेश गर्नेको सँख्या डरलाग्दो छ ।

विगत ६ महिनामा ४१ विदेशी नागरिक नेपाल-भारतको खुल्ला बोर्डर प्रयोग गर्दै भारत छिर्न लाग्दा प्रकाउ परेका हुन् । त्यसमा अधिकाँश चिनियाँ रहेको भारतीय अधिकारीहरुको दावी छ । यसरी चिनियाँहरु भारत छिर्न लाग्दा नेपालस्थित भारतीय दूतावास पनि चिन्तित छ ।

विहार प्रहरी मुख्यालयका अनुसार सन् २०२२ मा नेपाल-भारत सीमाबाट १६ विदेशी समातिएका थिए, त्यसमध्ये केही नाइजेरियन थिए भने अरु बाँकी सबै चाइनिज थिए । बिहार प्रहरीका अनुसार सन् २०२१ मा ११ जना विदेशी नागरिक अवैध रुपमा भारत छिर्न लाग्दा सीमा क्षेत्रबाट पक्राउ गरेका थिए । ११ जना सबै चिनियाँ नागरिक थिए । सन् २०२० र २०१९ मा पनि १०-१० जना विदेशी नागरिक पक्राउ परेका थिए त्यसमध्ये अधिकाँश चाइनिज थिए । नेपाल-भारत सीमा क्षेत्रको लम्बाई एक हजार ८८० किलोमिटर रहेको छ । त्यसमध्ये सबभन्दा लामो दुरीको सीमा क्षेत्र बिहार-नेपालको ७२९ किलोमिटर रहेको छ ।

**बाँकी पृष्ठ ८ मा**

**यस भित्र**



**मधेशले उपेन्द्रलाई त्यागे कि उपेन्द्रले मधेशलाई ?**

● लेख, पृष्ठ ४



**रामबालक सर जसले क्रान्तिको बीज छरेर जानुभयो**

● मध्यपृष्ठ, पृष्ठ ६



**राजेश्वर नेपाली कलमजीवी मात्र होइन, क्रान्तिजीवी पनि हुन्**

● प्रोफाइल, पृष्ठ १०

**सहारा टाइम्सले १४ वर्ष पुरा गरी १५ वर्षमा प्रवेश गरेको छ।** यो १३ वर्षको अवधिमा साथ र सहयोग दिने सम्पूर्ण पाठक, विज्ञापनदाता, शुभचिन्तक तथा सहयोगीमा हामी हार्दिक कृतज्ञातासहित धन्यवाद ज्ञापन गर्दछौं । अगामी दिनमा पनि त्यस्तै साथ सहयोगको अपेक्षा पनि गरेका छौं ।

सहारा टाइम्स परिवार

अभिमत

## सम्पादकीय

# अविस्मरणीय मृत्यु

जन्मपछि मृत्यु निश्चित छ । धर्तीमा यो मात्र एउटा सत्य हो । अरू बाँकी सबै भ्रम हुन् । जन्म मृत्य समान्य प्रकृया भए पनि कतिपय मृत्यु हरेकका लागि अविस्मरणीय हुन्छन् । मृत्य निश्चित छ, तैपनि मान्छेलाई धैर्य हुँदैन, विश्वास हुँदैन । मर्नबाट डराउँछन्, मृत्युलाई स्विकार गर्न चाहदैनन् । जन्म र मृत्यु नै यस्तो प्रकृया हो, जसमा धनी, गरिब, ठूला, साना, उच्च, नीच, धर्म, जातजाती हेर्दैनन् । सबैको जन्म र मृत्यु एकै खालका हुन्छन् । जन्मदा पनि खाली हात जन्मेका हुन्छन् र मर्दा पनि खाली हात मरेका हुन्छन् । तपाई पाठकलाई लाग्न सक्छन् । यसपटक सहारा टाइम्सले किन दर्शनका कुरा गरेको होला । अन्तिम सत्य जन्म र मृत्युको बारेमा कुरा किन गरेको होला ।

हो, यो महिनामा मधेशका दुई व्यक्तित्वको निधनले गर्दा सहारा टाइम्सले यो कुरा उठाएको हो । भदौं ८ गते शिक्षक एवं समाजसेवी सिरहाका रामबालक यादव र भदौं ११ गते वरिष्ठ पत्रकार एवं स्वतन्त्रता सेनानी राजेश्वर यादवको निधनले हरेक जागरूक व्यक्तिमा एउटा अविस्मरणीय छाप छाडेका छन् । हुन त हरेक व्यक्तिको जन्म र मृत्यु आआफ्नो ठाउँमा महत्व नै हुन्छ । सबैको जन्म र मृत्यु स्मरणीय लायक हुन्छ तर कसैको खास हुन्छ । खास त्यसको हुन्छ जसको मृत्युले एक खालको कमी महसुस गर्छ र केही गुमाएको जस्तो महसुस हुन्छ । रामबालक यादव साइन्सका शिक्षक हुनुहुन्थ्यो । पढ्न र पढाउनमा त्यतिकै तागडा हुनुहुन्थ्यो । शिक्षकको पेसामा उहाँसँग प्रतिस्पर्धा गर्न हतपत कमै थिए । साइन्स र म्याथमा निकै अब्बल शिक्षक मानिन्थ्यो उहाँलाई । र, त्यसबाहेक उहाँ एउटा क्रान्तकारी व्यक्ति हुनुहुन्थ्यो । समाजका लागि केही गर्ने सोच हर हमेशा उहाँको मनमा हुन्थ्यो । समाजमा हुने अन्याय अत्याचारको विरूद्ध उहाँ एक्लै भए अवाज उठाउनु हुन्थ्यो । भ्रष्टाचार विरूद्धमा लड्न समाजका युवालाई जागरूक बनाउने काम उहाँले गर्नुहुन्थ्यो । भनिन्छ, पछिल्लो समय देशमा भएको मिटरब्याजी पिडितको आन्दोलन उहाँकै देन हो ।

उहाँ यस्तो शिक्षक हुनुहुन्थ्यो जो चाहेको भए जुनसुकै राम्रो विद्यालयमा राम्रो शिक्षकको रूपमा काम गर्न सक्नु हुन्थ्यो र आफ्नो जीवन यापन गर्न सक्नुहुन्थ्यो तर उहाँले आफ्नो समाजका लागि केही गर्नुपर्छ भनि आफ्नो समाजलाई छाडेर कही कतै जानुभएन र यही समाजमा घुलमिल भएर बस्नुभयो र समाजकै लागि लड्नु भयो । र, अन्त्यमा समाजका लागि संघर्ष गर्दा गर्दै सदाको लागि जानुभयो ।

त्यस्तै महान व्यक्ति हुनुहुन्छ राजेश्वर नेपाली । नेपाली पत्रकारिताको शिखर पुरूष भन्दा पनि फरक पर्दैन । मोसफलमा रहेर पनि अन्तिम सांससम्म पत्रकारिता नै गर्नुभयो । पत्रकारिताबाट कसरी क्रान्ति गर्न सकिन्छ त्यसको एक मात्र उदाहरण राजेश्वर नेपाली हुनुहुन्छ । उहाँले पत्रिकामार्फत क्रान्ति गर्दा कतियौं पटक जेल पनि जानुभएको छ भने पटक पटक उहाँको पत्रिका बन्द पनि भएको छ । तैपनि उहाँ पछाडि फर्कैर हेर्नुभएन । नेपाली काँग्रेसमा रहेर उहाँले राजनीति पनि गर्नुभयो । काँग्रेसका बीपी कोइराला, गिरिजाप्रसाद कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराईका साथमा राजनीति गर्नुभएका राजेश्वर नेपाली महत्मा गाँधीलाई समेत भेट्नु भएको छ । महत्मा गाँधीबाट भेटेर उहाँ समाज र राजनीति परिवर्तनका लागि झन सक्रिय भएर लाग्नुभएको थियो । मधेश राजनीति, पहिचान र अधिकारका लागि हरहमेशा चिन्तित देखिनु भएका राजेश्वर नेपालीका केही सपना अधुरा रहेका छन् जसलाई अहिलेको पुस्ताले पुरा गर्ने आवश्यकता देखिएको छ । यी दुई व्यक्तित्वको निधनलाई मधेशी समाजलाई ठूलो क्षति भएको छ । समाजका लागि बोल्ने, लेख्ने र जागृत गराउने यी र यस्ता पात्रको आवश्यकता समाजमा हरहमेशा खड्की रहने छ । दुवै जनाप्रति हार्दिक श्रद्धाञ्जली ।

## तथ्यांक आफै बोल्छ

तालिका १: जिल्लागत मैथिली भाषाभाषीको सङ्ख्या

| क्र.स. | जिल्ला | जम्मा जनसङ्ख्या | मैथिली भाषी |
|---|---|---|---|
| १ | सप्तरी | ७०६२५५ | ५६८६९१ |
| २ | सिरहा | ७३९९५३ | ६२५८८७ |
| ३ | धनुषा | ८६७७४७ | ६९७४६० |
| ४ | महोत्तरी | ७०६९९४ | ५०१३५१ |
| ५ | सर्लाही | ८६२४७० | ११७२८६ |
| ६ | रौटहट | ८१३५७३ | ३०९७४ |
| ७ | बारा | ७६३१३७ | २८९७ |
| ८ | पर्सा | ६५४४७१ | ७३७१ |

स्रोत : जनगणना (२०७८)

## पाठक पत्र

saharatimes.com.np@gmail.com


संघर्ष, स्वाभिमान र स्वावलम्बन
सहारा टाइम्स
SAHARA TIMES NATIONAL FORTNIGHTLY
राष्ट्रिय पाक्षिक
www.saharatimes.com.np
●वर्ष १४, ●पूर्णाङ्क ३०७, ●अंक २३ ●२०८० साल भदौ १-१५ गते (18 Aug, 1 Sept, 2023) ●मूल्य रु. १०

देउवा-ओली मिलाउन भित्रभित्रै हुँदैछ यस्तो खेल

◆ सभापति देउवाबाट दबाव बढाउनका लागि नेता शेखर कोइरालाले साउन ३१ गते बालकृष्ण खाँणलाई भेट्न जेल नै पुग्नुभएको थियो। बालकृष्ण खाँण देउवा पक्षका नेता हुनुहुन्छ। बालकृष्णले भनेको कुरा देउवाले मान्नु हुन्छ। त्यही भएर उहाँले जेलमै गएर उहाँलाई भेट्नु भएको छ।

◆ काँग्रेसका नेताहरुले एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग आन्तरिक रुपमा संवाद सुरु गरिसक्नु भएको छ। पार्टीका नेता शेखर कोइरालादेखि नेता विमलेन्द्र निधिसम्मले एमालेका अध्यक्ष ओलीसँग आन्तरिक रुपमा छलफल गरिरहनु भएको छ। तर 'हाइलेवल' बाट हरियो सिग्नल नआएसम्म कुरा आगाडि नबढेको हो।

यस भित्र
देशका तीन स्तम्भ संघीयता, समावेशी र सुशासन ● लेख, पृष्ठ ४
खुशी यो कारणले छु कि म मधेशको साथमा छु ● अन्तरवार्ता, पृष्ठ ५
नर्सिंग पढ्न हिड्नु भएको पार्वता कसरी बन्नुभयो पत्रकार ● मध्यपृष्ठ, पृष्ठ ६
आमा बनिन् नरिमा पन्त ● पृष्ठ ९
को हुन् दीपक साह जो थिए सिके राउतको 'ब्याकअप' ● पृष्ठ १०

### ओझेलमा रामनरेश

धेरै दिनपछि रामनरेश राय यादवको अन्तवार्ता पढ्ने मौका पाए । मधेश राजनीतिका उहाँ पुरानो नेता होला । लामो समयदेखि मधेशको राजनीतिमा लाग्नु भएको होला तर उहाँको योगदानको चर्चा कहीं सुनिएको छैन । गजेन्द्रनारायण सिंहसँग मधेशको राजनीतिमा लाग्नुभएका हामीले रामनरेश राय यादवको नाम कहिले सुनेका छैनौं । एकपटक राजेन्द्र महतोको पार्टी फुटाएर अलग हुँदा उहाँको चर्चा सुनिएको थियो तर त्यसपछि उहाँ हराउनुभयो । मधेशको राजनीतिमा कहि कतै उहाँलाई देखिएको थिएन ।

प्रदेश सभाको चुनावमा जितेर आएपछि उहाँ मन्त्री हुनुभयो तर मधेश भवनमा सबभन्दा कमजोर मन्त्रालय उहाँकै थियो । उहाँ मन्त्री भएपछि कहिले मन्त्रालय जानुभएन । मुटुको समस्या देखाउँदै मन्त्री क्वाटरबाट नै मन्त्रालय चलाउनु भयो । सबभन्दा विवादित मन्त्रालय उहाँकै थियो । त्यहीं कारणले जसपाले उहाँलाई मन्त्रीबाट हटाउनुभयो । त्यहीं रीसका कारण उहाँ जसपामा जानुभयो । उपेन्द्र यादवलाई रुचाउनु भएन । उपेन्द्र यादवको पार्टी फुटाउने प्रयास गर्नुभयो । त्यो प्रयास उहाँको सफल भएन त्यही भएर उहाँ झन ओझेलमा पर्नुभयो । र, उहाँले आज भन्नुभएको छ, 'खुशी यो कारणले छु कि म मधेशको साथमा छु ।' यो उहाँले चित्त बुझाउन कुरा हो ।

*राजेश महतो, जनकपुरधाम, पिडारी चौक*
*mahato_rajesh2022@gmail.com*

### पार्वतालाई चिन्ने मौका

पार्वता चौधरीलाई प्रत्येक दिन हामी कान्तिपुरमा सुन्दै आएका छौं । विहान विहान उहाँलाई सुन्दै आएका थियौं तर आज उहाँको बारेमा डिटेल बुझ्ने मौका पायौं । मान्छेले लक्ष्य एउटा लिए पनि भाग्यमा जे लेख्या हुन्छ त्यही हुन्छ भनि पार्वताको जीवनी पढ्दा थाह भयो । उहाँको परिवारले उहाँलाई डाक्टर पढ्न भनेको थियो । त्यसको तयारीमा लाग्नुभएको थियो तर उहाँ पत्रकार हुनुभयो । पत्रकार हुन्छु भनि उहाँले कहिले सोच्नु भएको थिएन तर परस्थितिले त्यस्तो बनाइ दियो । जे होस् झापाको थारु समुदायबाट विभिन्न संघर्ष गर्दै त्यहाँसम्म पुग्नु चानचुने कुरा होइन । उहाँले आफ्नो लगनशिलता र क्षमताले त्यहाँसम्म पुग्नुभएको हो र बाँकी दिनमा पनि यस्तै प्रगति गर्दै जाओस् भनि कामना गर्दछु ।

*मोहन विश्वकर्मा (फेसबुकबाट)*

### दीपकको सहयोगी भावना

दीपक साहलाई मैले पुल्चोकदेखि नै चिन्छु । म पुल्चोकमा उहाँभन्दा जुनियर थिए । उहाँ आफूले गरेको कामलाई कहिले देखाउन चाहनु भएन । मधेश र मधेशीप्रति हरहमेशा सहयोगको भावना राख्ने दीपकजीमा अलिकति पनि महत्वकाँक्षा देखिएको थिएन । तर राजनीतिमा उहाँको अवस्था कस्तो छ मलाई थाह छैन । सहारा टाइम्सको अनलाईनमा उहाँको बारेमा पढ्दा पुरानो दिन आद आयो र केही लेख्ने कोसिश गरे । अहिले म अष्ट्रेलियामा छु । नेपालको राजनीति बारे अवगत छैन । तर दीपकजीको बारेमा पढ्दा उहाँ राजनीतिमा पनि निकै सक्रिय भएर लाग्नु भएको छ जागि रहेको छ । सिके राउतजीको साथमा काम गरिरहनु भएको छ । सिके राउतको नाम सुनेको हुँ तर उहाँको गतिविधिको बारेमा त्यति अवगत छैन । चुनावको समयमा सिके राउतको नाम निकै सुनिएको थियो । दीपकजी जहाँ रहनु हुन्छ सफल बन्नुहुन्छ । उहाँको जीवनको बारेमा थाह पाएर खुशी लाग्यो ।

*राजेश महतो, सिरहा बन्दीपुर, हाल, अष्ट्रेलिया*

## फेसबुक



**रामरिझन यादव**

नेकपा (एमाले) ले हाम्रो सिरहा जिल्लाको विष्णुपुरकट्टीस्थित सरेआम्वासको यो ऐतिहासिक घरमा आफ्नो ४५ मिनटको सचिवालय बैठक गरेर हामीलाई गौरवान्वित पारेको छ । किनकि सिरहा कम्युनिष्ट आन्दोलनमा मात्र होइन कैयौं दृष्टिले ऐतिहासिक जिल्ला (बहुदलमा सबैभन्दा बढी मत प्लस मधेश जनविद्रोह) हो । तर, तात्कालिन नेकपा (माले ) ले चौथो महाधिवेशन गरेर जुन नीति अबलम्बन गरे त्यो क. निर्मल लामाको नेतृत्वमा रहेको नेकपा (चौम) भन्दा धेरै अर्थमा भिन्न थियो र अद्यावधि छ भन्ने कुरा पुष्टि गर्न धेरै आधारहरू छन् । त्यतिबेला सिरहामा मालेभन्दा चौमा बलियो अवस्थामा थियो । सिरहाको पात पनि रातो हुन्छ भन्ने कुरा मालेको कारण होइन, निर्मल लामाले नेतृत्व गरेको चौमको कारण भन्ने गरिन्थ्यो ।

अहिले पनि क. लामाले नेतृत्व गरेका चौमका जति व्यक्ति सत्तामा गएका छन् उनले संसदीय व्यवस्थालाई आफ्नो व्यक्तिगत स्वार्थ भन्दा देश र समाजको लागि उपयोग र प्रयोग गरेका छन् । किनकि उनीहरूको मान्यता छ-'खसीको टाउको राखेर कुकुरको मासु बेच्ने थलो हो । परम्परागत वा शास्त्रीय संसदीय व्यवस्था ।' यो कुरा भारतले पुष्टि गरिसकेको अवस्थामा अब नेपालमा पनि पुष्टि हुँदैछ । त्यसैले एमाले संसदवादी पार्टी हो जसको जरो सरेअम्बासमा पारित जनताको बहुदलीय जनवादमा अन्तर्निहित छ । अर्थात पपुलिज्म जो कम्युनिष्टको विपरित कुरा हो एमाले कसरी आत्मसात गरेका छ भन्ने कुरा कांग्रेसीहरूले मधेश झर्न बित्तिकै लगाउने पोशाकमा अन्तर नदेखिएकोबाट पनि पुष्टी भएको छ ।

अर्थात, जहा पैजामा कुर्ताले राष्ट्रिय पोशाकको रूपमा दर्जा पाउने हो, त्यहाँ रघुवीर महासेठलाई दौरसुरूवाल टोपी लगाउन बाध्य पार्छन् । अहिले एमाले धारण गरेको यो पैजामा कुर्ता दिखाबा सँगसँगै भोट बटुल्ने माध्यम हो भन्ने कुरा बारम्बार नागरिकता विधेयकलाई राष्ट्रपतिद्वारा रोक्न लगाएबाट पुष्टि हुदैन र ! तर, अफसोच सिरहाबाट मधेश जनविद्रोहले स्थापित गरेको मान्यतालाई हर्ताकर्ताहरूले नै भजाउने काम गरेपछि विरोधीहरूले मौकामा चौका हाल्नबाट किन पछि हट्लान ? अहिले एमालेले सिरहालाई खर्लप्पै खाएको कुराबाट मधेश जनविद्रोहको यो भूमि राहत होइन आहत महसुस गरेका छन् ।

**शिवदयाल यादव**



प्रहरी र पत्रकार भनेको पानी र आगो हो । यी दुवै कहिल्यै एक-आपसमा नमिल्ने तत्व हुन् भने पुर्णत साबित गरिसकेका छन् । किटानी जाहेरी दिँदा पनि समातिएको मानिसलाई राजनीतिक दबावमा छोड्नु घोर नीन्दनीय मात्र होईन प्रहरीले पत्रकारसँग खेलेको खेल अपराध हो । अब सप्तरीका पत्रकार झै जिल्ला प्रहरी कार्यालय सिरहाको विरुद्ध चरणबद्ध आन्दोलनको सैलाबमा उत्रनु बाहेकको केही विकल्प देख्दिन । मजाक सम्झेको कुराको परिणाम भयावह हुनेछ र ती अपराधी जोगाउने नेताहरुको पनि खोजी-कार्य जारि छ । हामी सब श्रम-कलमजीबी एक छौ ।

# दिल्लीबाट फर्केपछि महन्थले यसरी फेर्नु भो कुरा

लोकतान्त्रिक समाजवादी पार्टी नेपालका अध्यक्ष महन्थ ठाकुर गत जेठ २८ गते भारत जानुअघि पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोलाई भन्नु भएको थियो, 'भारतबाट फर्केपछि कार्यबाहक अध्यक्ष बनाउछु ।' भारतबाट फर्केको चार महिना भइसक्यो तर नेता महतोलाई कार्यवाहक अध्यक्ष अझै बनाउनु भएको छैन ।

अस्वस्थ्य भएको कारण पार्टीलाई गति दिन सकिरहेको छैन, भारतबाट उपचार गराएर फर्केपछि कार्यबाहक अध्यक्ष बनाउने आश्वासन दिएपछि नेता महतो आश गरेर बस्नुभएको थियो । तर भारतबाट फर्केपछि कार्यबाहकको बारेमा चर्चा समेत गर्नुभएन । बरु आफ्नै तरिकाले पार्टीको केन्द्रीय सदस्य, पदाधिकारी, कार्यकारिणीलगायतका समिति बनाउनतिर लाग्नुभयो । कहिले काहीँ नेतालाई बोलाएर सुझाव लिने गर्नुहुन्थ्यो ।

कार्यबाहक अध्यक्षको बारेमा नेता महतोले पटक पटक अध्यक्ष ठाकुरलाई जानकारी गराउनु भएको थियो । भारत जानुअघि गरेको प्रतिवद्धता पुरा गर्नुपर्ने अडानमा नेता महतो बसेपछि पार्टीको केन्द्रीय कमिटीलगायत समितिहरु घोषणा गर्न ढिलो भइरहेको थियो । लोसपा अध्यक्ष महन्थ ठाकुर निकट एक नेताले भन्नुभयो, 'राजेन्द्र महतोजीले कार्यबाहक अध्यक्ष चाहियो भन्दै पार्टीका सबै गतिविधि ठप्प पार्नुभएको थियो । महन्थजीले केन्द्रीय कमिटी फल्यास गर्न खोज्दा उहाँले त्यसमा ब्रेक लगाउनुभएको थियो ।' नेता महतोको कारण सबै कुरामा ढिलाई भइरहेको महन्थ पक्षधर नेताहरुको दावी छ ।

तर नेता महतो पक्षका नेताहरु भन्छन्, 'महतोजीले कही कुनै अवरोध गर्नुभएको थिएन, महन्थजीको सबै बहाना मात्र थियो, उहाँ भारत जानुअघि आफैले भन्नुभएको थियो कि फर्केपछि कार्यबाहक अध्यक्ष दिन्छु, भनेको कुरा लागु नगरेपछि जसको पनि मन अमिलो हुन्छ नि ।' स्रोतका अनुसार भदौं १० गते केन्द्रीय कार्यकारिणी समितिको बैठक बस्नुअघि अध्यक्ष महन्थ ठाकुर र नेता राजेन्द्र महतोबीच एक्ला एक्लै छलफल भएको थियो ।

छलफलमा केही समय अझै आफूलाई नै अध्यक्ष रहन दिनुस्, कमिटीहरु बनाउँछु, सबै ठिका ठाक पारेर उपयुक्त समयमा तपाईलाई कार्यबाहक बनाउँछु भनि अध्यक्ष ठाकुरले आश्वासत पार्नुभएको थियो । नेता महतोले पनि अध्यक्ष ठाकुरको कुरा स्विकार गरेर केही समय कुर्न तयार भएको बताइएको छ । केही समयका लागि लोसपाको समस्या टरेको हो तर समाधान भएको छैन । पार्टीलाई गतिशिल बनाउन आवश्यक छ, त्यसका लागि नेतृत्व परिवर्तन, जिम्मेवारी हेरफेरको प्रस्ताव नेता महतोको रहेको छ ।

बैठकमा पनि बोल्ने अधिकाँश नेताले पार्टीलाई अगाडि बढाउन ढिलो भइरहेको छ । पार्टीमा भएका नेताहरु पनि अरु अरु पार्टीमा गइरहेका छन्, केन्द्रीय कमिटीलगायत अन्य कमिटी बनाउन जति ढिलो हुन्छ त्यति नै पार्टीलाई क्षति हुने कुरा पार्टीका कार्यकारिणी सदस्य लक्ष्मणलाल कर्णले राख्नुभएको थियो । पार्टीलाई बन्धक बनाउने काम भएको छ,

बाँकी पृष्ठ १२ मा

# उपेन्द्र कोची पुगेपछि नेपालमा प्रधानमन्त्रीको हल्ला

जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव यतिखेर भारत भ्रमणमा हुनुहुन्छ । एउटा साथीको छोरीको विहेमा सहभागी हुन केरेलाको कोची जानु भएको पार्टीका नेताहरुबाट आधिकारिक कुरा सञ्चारमाध्यममा आए तर विहे कार्यक्रम सकेपछि पनि उपेन्द्र यादव भारतमा कहाँ हुनुहुन्छ के गरिरहनु भएको छ, कसैलाई कुनै कुराको जानकारी छैन । यसमा पार्टी पनि अन्नभिज्ञ छ ।

मानौ उपेन्द्र यादव भुमीगत नै हुनुभएको छ । हुन त गौर घटनाको फाइल सरकारले खोलेपछि भारतमा यसरी बिलिन भएपछि उपेन्द्र यादव भुमीगत भएको हो कि भने कुरा नेपालमा नचलेको होइन । जसपाका अध्यक्ष उपेन्द्र यादव यसरी चुपचाप बस्ने प्राणी होइन । राजनीतिमा २४ घण्टा चलायमान रहने उपेन्द्र यादव भारतमा गएर यसरी चुपचाप बस्नुले कुनै ठूलै कुराको संकेत गरेको विश्लेषण यहाँ नेपालमा भइरहेको छ ।

भदौं २१ गते नेपाल फर्किने पार्टीबाट नै आधिकारिक रुपमा जानकारी गराइएको छ । पार्टीको अध्यक्ष, देशको पूर्वउपप्रधानमन्त्री विदेशमा हुनुहुन्छ र उहाँले त्यहाँ के गरिरहनु भएको छ पार्टीले त्यो कुराको जानकारी नगराउनुले धेरै कुराको आशंका उब्जाएको छ । एउटा उच्च स्रोतले त जसपाका अध्यक्ष उपेन्द्र यादव आफू प्रधानमन्त्री बन्नका लागि भारतीय पक्षसँग कुरा मिलाउन त्यहाँ गृहकार्य गरिरहनु भएको दावी गरेको छ ।

उपेन्द्र यादवलाई प्रधानमन्त्री बनाउनका लागि एमालेले समर्थन गरिसकेको 'ड्राफ' नै लिएर दिल्ली जानुभएको नेपालमा चर्चा छ । तर जसपाका नेताहरु यो कुरामा मान्न तयार हुनुहुन्न । जसपाका एक नेता नेताले भन्नुभयो, 'अध्यक्ष भारत विहेमा जानु भएको हो त्यही कुराको जानकारी हामीलाई दिनुभएको छ त्यसबाहेक अरु त्यहाँ के गर्नुहुन्छ, कोसँग भेट्नु हुन्छ केही भन्नुएको छैन, म पनि तपाई जस्तै हो ।'

उपेन्द्र यादव भारत उड्नुअघि एमालेका सचिव रघुवीर महासेठको घरमा एमालेका अध्यक्ष केपी शर्मा ओलीसँग लामो छलफल गर्नुभएको थियो । त्यो भेट त्यतिबेला भएको थियो जतिबेला सरकारले गौर घटनाको फाइल खोली सकेको

बाँकी पृष्ठ १२ मा

# मधेशमा के चाहनु भएको छ गृहमन्त्री ?

माओवादी केन्द्रका केन्द्रीय सदस्य एवं पूर्वमन्त्री उमेश यादवले आफ्नो फेसबुकमा लेख्नुभएको छ, 'मधेशमा एउटा गुटलाई गृह प्रशासनले मलजल गर्न थाल्यो भने मधेशमा पार्टी बन्ने हो कि गुट बन्ने हो ?' माओवादी केन्द्रकै सिरहाका एर्का नेता अरविन्द यादव आफ्नो फेसबुकमा लेखेका छन्, 'पुर्व प्रदेश कमिटीलाई दिएको जिम्मेवारीलाई सबै युवा कमरेडहरू बहिष्कार गरौं !!! सिरहा ।'

मधेश प्रदेशमा माओवादी केन्द्रभित्र चलिरहेको यो द्वन्दको सानो नमुना मात्र हो । मधेश प्रदेशमा पार्टीभित्र देखिएका सबै गुटलाई तत्कालका लागि थाँती राखेर तीन महिने अभियानलाई सफल पार्न मधेश प्रदेशका इन्चार्ज लिलामणी पोखरेलले दिनुभएको निर्देशन ठाउँका ठाउँ उल्लघंन भइरहेका छन् । निर्देशको उल्लघंन माओवादी पार्टीका वरिष्ठ उपाध्यक्ष एवं उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठबाट नै भइरहेको मधेश प्रदेशका नेताहरु बताउनु हुन्छ ।

माओवादीका एक नेताले भन्नुभयो, 'नारायणकाजी गृहमन्त्री हुनुहुन्छ, उहाँसँग सत्ता र पावर छ उहाँले जे चाहनु हुन्छ त्यही हुन्छ र उहाँले मधेशमा त्यही गरिरहनु भएको छ ।' सात वटा प्रदेशमध्ये गृहमन्त्री श्रेष्ठले सबभन्दा बढी आउजाउ गर्ने प्रदेश मधेश प्रदेश हो । गृहमन्त्री श्रेष्ठले मधेश प्रदेशमा नै सबभन्दा बढी दौडाहा गर्नुहुन्छ र उहाँले आफ्नो गुट र आफ्नो मान्छे पोस्नेबाहेक अरु केही गर्नुभएको छैन । ती नेताका अनुसार मधेशमा झर्ने बित्तिके पूर्व जनमोर्चाका नेताहरुलाई बोलाएर मात्र छलफल गर्नुहुन्छ, सिडियो एसपीलाई पनि आफ्नै गुटका नेता तथा कार्यकर्तालाई चिनाउने गर्नुहुन्छ । मानौ गृहमन्त्री श्रेष्ठ माओवादी केन्द्रका नेता होइन, जनमोर्चाका नेता हुनुहुन्छ ।'

तीन महिने अभियानमा पनि उपाध्यक्ष एवं गृहमन्त्री श्रेष्ठको प्रभाव बढी देखिएको छ । उहाँले आफ्ना गुटका मान्छेलाई ठिक ठाउँमा पठाउनु भएको छ भने अरु गुटका मान्छेलाई जहाँ पायो त्यहीँ पठाई दिनुभएको गुनासो मधेश प्रदेशमा भइरहेको छ । माओवादीका उपमहासचिव मातृका यादवको कार्यक्षेत्र कर्णालीमा परेको छ । दुई जनाबीचमा मधेश प्रदेशमा द्वन्द थियो । मातृका आफ्नो कार्यक्षेत्रमा जानु भएको छ तर गृहमन्त्री श्रेष्ठले मन्त्रीको हैसियतमा पटक पटक मधेश प्रदेशमा पुग्नुभएको छ । मातृका यादव पक्षधर नेताहरुलाई जथाभावी खटाई दिएको छ । विघटनको अवस्थामा रहेको मधेश प्रदेश कमिटीलाई मान्यता दिएर अहिले जनअभियानमा खटाइएको छ । त्यसको चौथर्फी आलोचना भइरहेको छ ।

गृहमन्त्री श्रेष्ठको यस्तै रवैया रहने हो भने यो तीन महिने अभियानमा पार्टी बन्दैन, बरु भत्किन्छन्, मधेक प्रदेशका एक माओवादी नेताले भन्नुभयो, 'यो अभियानको बेला उहाँ जस्तो नेताले सबैलाई समेटेर सबैलाई चित्त बुझाएर एक साथ लग्नुपर्ने थियो तर प्रत्यक्ष अनुभूती हुने गरी प्रदेशमा गुटबन्दी गर्नुभएको छ त्यसले नेताहरुमा तीब्र असन्तुष्टि देखिएको छ ।' यसको प्रभाव तीन महिने अभियानमा प्रष्ट रुपमा देखिने ती नेताले बताउनुभयो ।

## फरकमत

# एमालेमाथि अम्बासले उठाएको प्रश्न



**विजय यादव**

नेकपा एमालेले भदौं १३ गते सिरहा जिल्ला धनगढीमाई नगरपालिकास्थित वाडा नम्बर १४ मा पर्ने सर्रे अम्बासमा केन्द्रीय सचिवालयको बैठक बसायो । अम्बासमा बसेको त्यो बैठक स्थलमा पूर्व प्रधानमन्त्री केपी शर्मा ओली कार्यक्रममा आफू निकै अप्ठ्यारो अवस्थामा यहाँ आइपुगे, २०४६ मा जस्तो अवस्था थियो अहिले पनि त्यस्तै अवस्था रहेको कुराले पनि अम्बासको अवस्था छर्लङ हुन्छ ।

भदौं ९ गतेका लागि नै सचिवालको बैठक बोलाएको थियो । सबै तयारी पुरा भएको थियो तर रातीमा पानी परेको कारण त्यहाँ कार्यक्रम गर्ने अवस्था रहेन र अन्तिम समयमा आएर कार्यक्रम स्थगित गरेको थियो । पानी सुकेपछि भदौं १३ गते त्यहाँ बैठक राख्यो । यो घटनाले पनि अम्बासको अवस्थालाई उजार गर्दछ ।

केन्द्रीय सचिवालयको बैठक ४५ मिनेट मात्र चलेको थियो । बैठक सकिने बित्तिकै नेताहरु धमाधम त्यहाँबाट भाग्न थाल्नुभयो । पत्रकार तथा जनतालाई सम्बोधन गर्न एमालेका अध्यक्ष केपी शर्मा ओलीसहित केही नेता मात्र रहनु भयो अन्य सबै नेताहरु त्यहाँबाट टाप कस्नुभयो । यसले पनि बेचारा अम्बासको अवस्थालाई उजागर गर्दछ ।

एमाले सिरहाको अम्बासमा सचिवालको बैठक गर्नु भनेको स्टन्टबाहेक अरु केही होइन भने कुरा प्रष्ट भएको छ । मधेशमा गिर्दै गएको साखलाई जोगाउनका लागि एमाले विभिन्न नाममा मधेशमा छिर्न खोज्दैछ, त्यसको सुरुवात अम्बास बैठक हो नभए ३४ वर्षअघि एमाले कहाँ थियो, ३४ वर्षमा एकपटक पनि अम्बासलाई किन सम्झन भनि एमालेमाथि प्रश्न उठेको छ ।

२०४६ भदौं ९ गते एमालेको चौथो महाधिवेशन भएको ठाउँ हो अम्बास । त्यो महाधिवेशनलाई एमालेजनले ऐतिहासिक भन्ने गर्नुभएको छ । तर त्यो ऐतिहासिक ठाउँलाई ३४ वर्षपछि किन सम्झियो । ३४ वर्षको अवधिमा एमाले पटक पटक सरकारमा गयो । एमालेका मनमोहन अधिकारीदेखि लिएर माधवकुमार नेपाल, झलनाथ खनाल, केपी शर्मा ओली यो देशको प्रधानमन्त्री बन्नुभयो । २०५६ सालमा प्रथम कम्युनिष्ट प्रधानमन्त्री मनमोहन अधिकारी प्रधानमन्त्री बन्नुभएको थियो । उहाँको प्रधानमन्त्री कार्यकाल सानदार रुपले सफल भएको एमालेका नेताहरु चर्चा गर्नुहुन्छ । ऐतिहासिक काम गरेको ब्याज एमालेले आजसम्म खाइरहेको छ ।

एमालेका अध्यक्ष केपी शर्मा ओली यो देशमा तीन पटक प्रधानमन्त्री बन्नुभयो । अन्य नेताहरु पनि प्रधानमन्त्री, मन्त्री बन्नुभयो । तर त्यो अबधिमा अम्बासलाई कहिले सम्झनु भएन । २०४६ सालमा अम्बास जस्तो थियो, अहिले पनि त्यस्तै छ । अहिले पनि त्यहाँ मोवाइलमा कुरा गर्न सकिदैन । अहिले पनि कोही विरामी पर्‍यो भने हतपत कुनै ठाउँमा लिएर जाने अवस्था छैन । अहिले पनि विरामीलाई डोकोमा बोक्ने अवस्था छ ।

माओवादीका नेता हरिनारायण चौधरी धनगढीमाइ नगरपालिकाको मेयर भएपछि विभिन्न ठाउँमा बाटोको ट्र्याक खोलिएको छ तर अझै पिच बाटो बन्न सकेको छैन । पानी पर्‍यो भने अहिले आवत जावत बन्द हुन्छ । यताको मान्छे उता, उताका मान्छे यता आउन सक्दैन । कुनै खोलामा पुल बनेको छैन । झोलङ्गे पुल हालेको कुरा सुनिएको छ तर अझै गाडी हिड्ने अबस्था बनेको छैन ।

अम्बासको शिक्षा, स्वास्थ्य अवस्था कर्णाली, मुगु, रोल्पा, रुकुमभन्दा गए गुजरेको छ । बरु मुगुमा पिच बाटो पुगि सकेको छ, कर्णालीमा सडक सञ्जाल सबै ठाउँमा पुगेको छ । अस्पताल, कलेज, विद्यालय, विश्व विद्यालय खुलिसकेका छन् तर अम्बास जस्ताको त्यस्तै छ किन ? एमालेको लागि अम्बास ऐतिहासिक ठाउँ हो तर त्यहाँ पुग्नका लागि किन ३४ वर्ष लाग्यो ? यो प्रश्न एमालेमाथि तेर्सिएको छ । मधेशमा एमाले एक नम्बरको पार्टी बनेको हो त्यो आफ्नो बलबुत्ताले होइन, जनता समाजवादी पार्टी नेपालको कारणले हो ।

जसपासँग चुनावी तालमेल नगरेको भए मधेशमा एमालेको कुनै गुन्जाइस थिएन । एमालेले जसपाको टाउको टेकेर मधेशमा प्रवेश गरेको हो । अब जसपा मात्र होइन, अन्य कुनै मधेशवादी दलले साथ नदिने भएपछि मधेशमा आफ्नो स्पेश बनाउनका लागि एमालेले विभिन्न उपायहरु खोज्न थालेको छ । एमालेले ऐतिहासिक ठाउँ भनिएको अम्बासलाई विकसित गर्न सकिन्थ्यो । एमालेका अध्यक्ष ओलीले देशमा सबभन्दा बढी किलोमिटर सकड बनाएको दावी गर्नुहुन्छ तर त्यतिबेला अम्बासलाई किन सम्झिनु भएन ।

एक डेढ वर्षअघि मात्र त्यहाँ विजुली पुगेको छ । एमालेका नेता पटक पटक प्रधानमन्त्री बन्नुभयो, आफ्नो ऐतिहासिक ठाउँमा विजुलीबत्ती किन जाडन गर्न सकेन । अम्बास जनता पढ्न पाएका छैनन्, शिक्षाको गुणस्तर बिकट, हिमाल र पहाडभन्दा गएको गुजरेको छ, त्यतातिर एमालेले किन ध्यान दिएन । स्वास्थ्य उपचारका लागि उचित व्यवस्था छैन, त्यसका लागि किन ध्यान दिएन । मोबाइलमा टावर समात्दैन, त्यसमा एमालेले किन ध्यान दिएन । खानेपानीको अहिले पनि त्यहाँ समस्या छ तर त्यसमा एमालेले किन

बाँकी पृष्ठ १२ मा



■अनन्त अनुराग

# मधेशले उपेन्द्रलाई त्यागे कि उपेन्द्रले मधेशलाई ?

**उपेन्द्र यादवलाई प्रचण्ड, देउवा, ओलीको सत्ता ललिपप जति गुलियो भएता पनि मर्दापर्दा छिमेकी नै साहारा हुने मान्यता छ नि हो । त्यहि हुने सम्भावना छ । जसरी पार्टी विभाजन गर्ने स्थिती बनेपछि रातारात तत्कालिन राजपासँग पार्टी एकता जोगिएको थियो । उपेन्द्र यादवलाई अब फेरि पनि कुनै शक्तिले अहिलेको जञ्जालबाट जोगाउन सक्छन् भने त्यो शक्तिको 'मधेश र मधेशी जनता'**

राजनीतिमा एउटा नेता बन्न धेरै कुराले भूमिका खेलेका हुन्छन् । राजनीतिक नेतृत्व निर्माणका कैयौं चरण पार गरेपछि मात्रै नेतृत्वको गुण हासिल गरेका हुन्छन् । मधेशको समकालिन इतिहासमा धेरै नेतृत्व उदाए र समयसँगै धेरै अस्ताए पनि । एउटा नेतृत्व निर्माण गर्न समाजको धेरै ठूलो लगानी भएका हुन्छन् । एउटा नेतृत्वको गलत निर्णय वा अवसानले व्यक्तिलाई त खासै फरक नपर्ला तर समाज र समुदायले एउठा ठूलो मूल्य चुकाउनु परेका हुन्छन् ।

नेता र नेतृत्वमा तात्विक भिन्नता छ । दुःखद के छ भने हाम्रो मुलुकमा नेता धेरै छन् तर नेतृत्वको क्षमता भएका कोही पनि भएनन् । जुन देशको जनताले नेतृत्व क्षमता नभएका नेता पाएका छन् त्यहाँका जनताले पाउने दुःख नै हो । नेपाली शब्दकोशले नेता भन्नाले कुनै राजनीतिक दल वा जनसमुदायलाई असल बाटो देखाउने, कुनै समाजमा नेतृत्व दिने, अगुवा, नाइकेलाई जनाउँदछ भनेको छ । शाब्दिक अर्थ हेर्दा नेता व्यक्ति विशेष हुन्छ । नेता विभिन्न प्रक्रियाबाट जन्मन्छन् वा जन्माइन्छ । काम गर्दै जाँदा उसको कार्य, विचार वा व्यवहारबाट प्रभावित भई नेता मान्ने तथा नेता बन्ने परम्परागत अवधारणा हो ।

नेतृत्व भनेको कुनै दल वा जनसमुदायको सामुदायिक कल्याण गर्न गरिने मार्ग प्रदर्शन हो । नेताको काम नेतृत्व हो भनि नेपाली बृहत शब्दकोशले शाब्दिक अर्थ लगाएको छ । नेतृत्व व्यक्ति नभएर गुणसँग सम्बन्धित विषय हो । नेता हुँदै मा नेतृत्व र नेतृत्वको गुण हुँदैमा नेता बन्ने अवसर पाउँदछन् भन्ने पनि हुँदैन । माथि उल्लेख गरिएका विधि र प्रक्रियाबाट आएको नेताको सफलता वा असफलता यही नेतृत्वशैलीको कसीमा परीक्षण हुने गर्दछ र गर्नुपर्दछ ।

माथिको परिभाषालाई आधार मानेर भन्नुपर्दा, मधेश र मधेशी जनताले नेता कहिले पनि खोजेको हुदैं होइन, एउटा असल नेतृत्व खोजेका थिए । दुर्भाग्य अपवादबाहेक वर्तमान अवस्थामा कोही पनि असल नेतृत्वको कित्तामा उभिन सकेनन् वा उभिने लायक भएनन ।

यद्यपी, चार दशकदेखि मधेशका जनता र समाजले नेताहरुमाथि थुप्रै लगानी गरे र अझै पनि गरी रहेका छन् । मधेशी जनताले नेतामाथी लगानी गरे अनुसारको फल प्राप्ति भयो कि भएन ? यो प्रश्नको सपाट उत्तर भने कसैले दिन सक्ने स्थिती छैन । कसै ले उत्तर दिए पनि गोलमटोल उत्तरबाहेक सन्तुष्ट हुने उत्तर पाउन कठिनै छन् ।

खैर सैद्धान्तिक बहसको विषयलाई अर्को कुनै लेखमा बुद्धिबिलास गरौंला । तर, अहिलेको यो विषय किन उठान गरे भने २०६३/०६४ पछि मधेशका जनताले सबै भन्दा बढी लगानी गरेका नेता कोही हुनुहुन्छ भने उहाँ हुनुहुन्छ, जनता समाजवादी पार्टी नेपालका अध्यक्ष 'उपेन्द्र यादव' । उपेन्द्र यादव आफूलाई नेता भन्दा उठेर आफनो नेतृत्व क्षमता कति देखाउन सफल हुनुभयो वा विफल हुनुभयो, उहाँको पक्षमा वकालत गर्नेहरुले अनेकाअनेक तर्कहरु पेश गर्न सक्छन् । विपक्षमा भएकाले पनि सैयौं तर्कहरु अगाडि सारेर विफल भएको पुष्टि गर्न सक्लान तर केही यस्ता यो गर्ने जिम्मा तपाईमाथि नै छाडे ।

एक समय थियो राज्यसत्ताका सञ्चालक १० वर्षे जनयुद्ध गरेका पुष्पकमल दाहाल 'प्रचण्ड' भन्दा बढी उपेन्द्र यादवसँग त्रसित हुन्थे । यो मैले व्यक्तिगत रुपमा मधेश आन्दोलनपछि धेरै पटक अनुभव गरेको विषय पनि हो । एउटा दबिएका समाजको आम जनताको हैसियतमा यो विषय मेरो लागि पनि गर्व गर्ने विषय पनि थियो ।

मैले उपेन्द्र यादवसँग राज्यसत्ता किन यति त्रसित भएको होला भनेर बारम्बार आफैंलाई प्रश्न पनि गर्थे । एक साँझ स्वर्गीय प्रदीप गिरीसँग संक्षिप्त प्रश्न गरेको थिए, उहाँको उत्तर थियो, *'अनुराग भाई, उपेन्द्र यादवबाट राज्यसत्ता त्रसित भएको होइन, मधेशको एकताबाट राज्यसत्ता त्रसित भएको हो, र अहिले सिङ्गो मधेशले उपेन्द्र यादवलाई बोकेका छन् ।'* स्वर्गीय गिरीको उत्तर मलाई चित्त बुझेको थियो । तर, समय र घटनाक्रमसँग *'मधेशले उपेन्द्र यादवलाई बोक्न छाडे कि उपेन्द्र यादवले मधेशलाई त्यागे'* यो भने गम्भीर विवेचनाको विषय हो । मैले यति बुझेको छु कि मधेशी जनअधिकार फोरम नेपालका अध्यक्ष उपेन्द्र यादव र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवमा धेरै फरक छ ।

तर, म यहाँ गौर घटनाको जिकिर गर्न उचित ठान्दछु । गौर घटना मधेशको इतिहासमा एउटा दुर्भाग्यपूर्ण घटना थियो । म हिंसा हत्यामा विश्वास गर्दिन । म मानव अधिकारको रक्षा र कानूनी राज्यको पक्षमा एउटा लोकतन्त्रमाथि विश्वास गर्ने पात्र हुँ । तर जुन परिदृश्यमा गौर घटना भएको थियो । त्यसको कानुनी पक्ष जे जस्तो भएता पनि त्यसमा मैले केही भनि रहनु जरुरी ठान्दिन, न्याय र कानुनी विषय सम्मानीय न्यायालयमाथि छाडि दिउ । तर १७ वर्षसम्म कसैका लागि त्यति ठूलो मुद्दा नबनेको स्थितीमा आज आएर किन अचानक यति चर्चा र कारबाहीको कुरा उठ्यो ? यो भने मुलभुत चासो हो र प्रश्न पनि हो ।

मेरो व्यक्तिगत बुझाईमा यो विषय माथि उल्लेख गरिए झै जति बेलासम्म मधेशले उपेन्द्र यादवलाई बोके, त्यतिबेलासम्म मधेश र उपेन्द्र यादवमाथि प्रश्न गर्ने आँट र साहास कसैले पनि गर्न सकेनन् । मधेशी जनताको आड र भरोसा उपेन्द्र यादवमाथि रहेसम्म राज्य सत्ताको लागि सबैलाई चाहिने एउटा प्रमुख 'अस्त्र' को रुपमा प्रयोग भइरहे । त्यतिबेला शासकहरुका लागि 'गौर घटना' खासै चासोको विषय भएन वा उठाउन उचित ठानेनन् ।

तर, जब विस्तारै उपेन्द्र यादव आफूलाई क्षेत्रीय पार्टी वा मधेश केन्द्रित पार्टीबाट आफुलाई अलग्याएर राष्ट्रिय पार्टीका नेता बन्ने धुनमा लाग्नुभयो त्यसपछि उहाँको राजनीतिक ग्राफको गम्भीरता पूर्वक अध्ययन गर्नुभयो भने तपाईले सजिलै अनुमान सक्नु हुन्छ । मधेशबाट आफूलाई दुरी बढाउँदै जाँदा उपेन्द्र यादवले धेरै पटक अप्ठयारो स्थितिको सामना गर्नु परेको छ ।

ठ्याकै अहिलेको अवस्था पनि करिब करिब त्यस्तै हो । उपेन्द्र यादव मधेशमा पहिले भन्दा अहिले कमजोर हुनुभएको छ, उपेन्द्र यादवको शक्तिको श्रोत आम मधेशी जनताले उहाँलाई केवल एक जातिको नेता मात्रै देख्नु, उपेन्द्र यादवको भोट बैंकमा अन्यको हालि मुहाली बढ्दै जानु, हिजो उपेन्द्र यादवसँग रहेका शक्ति आज उनलाई परित्याग गरी उनका प्रधान शत्रुसँग मित्रता गाँस्नु । सत्ता र उपेन्द्र यादवबिच एउटा समानता के छ भने उनी सत्तामा जान जे पनि सम्झौता गर्ने तर ती सम्झौता कुनै पनि लागु नहुने । तर जब प्रश्नहरु गरिन्छ कि सहमति र सम्झौता पुरा भएन अनि सतही र लोक रिझाईका लागि उत्तर दिएर पन्छिन खोज्नुहुन्छ उहाँ । यी सब उपेन्द्र यादवका कमजोर पक्ष हुन् । जसले उपेन्द्र यादवलाई 'शिकारी' शैलीमा जालमा फसाएर राजनीतिक एजेण्डालाई कमजोर बनाउँदै मधेशको रापतापको ओज कम भएको बखत 'तह' लगाउने उद्देश्यका साथ रचिएको एक 'चक्रभ्यु' हो । जसमा उपेन्द्र यादव जानेर वा जनानेर फस्नु भएको छ ।

उपेन्द्र यादवलाई लाग्दो हो, मै ले प्रचण्डलाई यति गुण लगाएको छु, प्रचण्डले मलाई एक पटक कसो 'नैयापार' नलगाउलान् र ? तर स्थिती फेरिएको छ, प्रचण्ड फेरिएका छन, प्रचण्डका दृष्टिकोण फेरिएको छ, प्रचण्डका प्राथमिकताहरु फेरिएका छन । उपेन्द्र यादवमाथि प्रचण्डको 'आर्शिवाद' मात्रैले जोगिने स्थिती छैन । यसका लागि शेरबहादुर देउवा र केपी शर्मा ओलीले पनि उहाँलाई पत्याई दिनु पर्ने हुन्छ । जुन त्यति सजिलो भने छैन । यसर्थ ,उहाँले समय छदैं गम्भीर समिक्षा गर्नु भएन भने लेखेर राख्नुस् उपेन्द्र यादवको अगामी राजनीतिक स्थिती भयावह हुने संकेतहरु देखा परेका छन् । यसबाट जोगिनका लागि उपेन्द्र यादवले कतै दायाँ बायाँ नगरी मधेशको शरणमा जानु पर्दछ । अब फेरि उहाँ मात्रै मधेशको शरणमा गएर हुँदैन, मधेशले पनि अब उनलाई शरणमा स्वीकार गर्न तयार हुनु पर्दछ । तर, कमलामा धेरै पानी बगिसकेको स्थिती छ ।

उपेन्द्र यादवलाई प्रचण्ड, देउवा, ओलीको सत्ता ललिपप जति गुलियो भएता पनि मर्दापर्दा छिमेकी नै साहारा हुने मान्यता छ नि हो । त्यहि हुने सम्भावना छ । जसरी पार्टी विभाजन गर्ने स्थिती बनेपछि रातारात तत्कालिन राजपासँग पार्टी एकता जोगिएको थियो । उपेन्द्र यादवलाई अब फेरि पनि कुनै शक्तिले अहिलेको जञ्जालबाट जोगाउन सक्छन् भने त्यो शक्तिको 'मधेश र मधेशी जनता' । फेरि जुरुक्कै उपेन्द्र यादवको लागि पुरै मधेश एकसाथ पुनः उठेन भने बुझनुस् केही अनिष्ट हुने प्रायः निश्चित छ ।

त्यसका लागि उपेन्द्र यादव आफूलाई करेक्सन गर्न जरुरी छ । पुनः उपेन्द्र यादवका लागि मधेश जुरुक्क उठ्नका लागि उहाँमाथि लागेको 'यादववाद' आरोपलाई झुठो सावित गर्न सक्नु पर्दछ । त्यसका लागि उपेन्द्र यादव अब केवल 'नेता' मात्रै भएर सम्भव हुँदैन उनले 'नेतृत्व' क्षमता देखाउन सक्नु पर्दछ । के उपेन्द्र यादव 'नेता' भन्दामाथि उठेर असल 'नेतृत्व'को क्षमता प्रर्दशन गर्न सक्नु हुन्छ त ? लेखाजोखा गर्ने जिम्मा तपाईहरु कै । तर अहिले अदृश्य रुपमा जुन खेल सुरु भएको छ यसले संघीयतासँगै मधेशलाई सखाप पार्ने जातिय, धार्मिक द्वन्दको थलो बन्ने प्रायः निश्चित छ ।

*(लेखक अनन्त अनुराग पत्रकार हुनहुन्छ)*

**नेता र नेतृत्वमा तात्विक भिन्नता छ । दुःखद के छ भने हाम्रो मुलुकमा नेता धेरै छन् तर नेतृत्वको क्षमता भएका कोही पनि भएनन् । जुन देशको जनताले नेतृत्व क्षमता नभएका नेता पाएका छन् त्यहाँका जनताले पाउने दुःख नै हो । नेपाली शब्दकोशले नेता भन्नाले कुनै राजनीतिक दल वा जनसमुदायलाई असल बाटो देखाउने, कुनै समाजमा नेतृत्व दिने, अगुवा, नाइकेलाई जनाउँदछ भनेको छ**

○ अन्तरवार्ता

# देशको ‘कोर्स चेन्ज’का लागि षड्यन्त्र सुरु भएको छ



■ प्रमोद साह, राजनीतिक समिति सदस्य, जनता समाजवादी पार्टी नेपाल

**जनता समाजवादी पार्टी अहिले गौर घटनाको उल्झनमा फँसेको छ। १७ वर्षको पुरानो घटनाको फाइल सरकारले खोलेको छ। त्यसले गर्दा जसपाका अध्यक्ष उपेन्द्र यादवलगायत अन्य नेताहरुमाथि मुद्दा लाग्ने सम्भावनाले गर्दा सो पार्टीभित्र त्रासको वतावरण सृजना भएको छ। यसका लागि जसपाले सरकारसँग औपचारिक, अनौपचारिक कुराकानी गरिरहेको छ। जसपाका राजनीतिक समिति सदस्य प्रमोद साह (सर्लाही)ले पनि उपप्रधान तथा गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग भेट्नु भएको थियो। प्रस्तुत छ, गृहमन्त्री श्रेष्ठसँग भेट, गौर घटना, देशको समसामयीक राजनीतिक घटनाक्रमलगायतका विषयमा जसपाका राजनीतिक समिति सदस्य एवं पूर्व सांसद प्रमोद साहसँग सहारा टाइम्सले गरेको कुराकानीको सम्पादीत अंशः**

**तपाई केही दिन पहिले (भदौं १३) गृहमन्त्रीसँग भेट्नु भएको छ, भेटको कारण गौर घटना थियो कि अन्य कुनै कारण ?**

गृहमन्त्री नारायणकाजी श्रेष्ठसँग मेरो भेटघाट सर्लाही जिल्लाको विषयमा थियो। सर्लाही जिल्लाको सुरक्षा व्यवस्था, त्यहाँको विकास निर्माणलगायतको विषयमा कुराकानी भएका थियो। गौर घटनाको बारेमा केही चर्चा नै भएन। मैले कुराकानीको क्रममा समाजवादी मोर्चामा आएको दरार (चिरा)को विषयमा चर्चा गरेको थिए। मैले गौर घटनाको विषय न उठाए पनि गौर घटनालगायत भएका अन्य घटनाक्रमका कारण समाजवादी मोर्चामा कुनै दरार परेको हो कि आशंकायुक्त प्रश्न मैले गृहमन्त्रीज्युसँग गरेको थिए तर उहाँ पुरै कन्फिडेन्टका साथ भन्नुभयो कि समाजवादी मोर्चामा कुनै दरार उत्पन्न भएको छैन झन बलियो भएर अगाडि बढेको छ र त्यसको महत्व र आवश्यकता झन बढ्दै गइरहेको छ।

**गौर घटनाको बारेमा कुनै चर्चा भएन ?**

भएन, मैले समाजवादी मोर्चाको विषयमा कुरा उठाउँदा गृहमन्त्रीज्युबाट नै केही आउला भने जस्तो लागेको थियो। तर त्यस विषयमा न गृहमन्त्रीज्युले केही भन्नुभयो न मैले नै कुरा उठाए। गृहमन्त्रीलाई लागेको होला कि गौर घटनाको विषयलाई लिएर भेट्न आएको होला तर मैले त्यसको बारेमा चर्चा नै नगरि सर्लाहीको सुरक्षा व्यवस्था तथा समाजवादी मोर्चाको विषयमा कुराकानी गरेको थिए।

**तपाईलाई के लाग्छ गौर घटनाका कारण समाजवादी मोर्चामा चिरा आउन सक्छ ?**

आउँदैन तर यो कुरा सरकार र समाजवादी मोर्चाको व्यवहारमा फरक पर्छ। अहिले देशमा जुनखालको अवस्था सृजना भएको छ त्यसले वतावरण राम्रो बनाएको छैन। सरकारले गौर घटना पिडितसँग जुन सम्झौता गरेको छ त्यो गैर राजनीतिक र पूर्वाग्रही सम्झौता हो र त्यसलाई जसपा नेपालले इन्कार (अस्विकार) गरिसकेको छ। १७ वर्षअघि भएको घटनालाई आधार बनाएर अहिले जसपालाई घेराबन्दी गर्न खोज्नुको नियत स्पष्ट भइरहेको छ। मधेश आन्दोलनको क्रममा लागेका मुद्दाहरु फिर्ता लिने, पक्राउ परेकालाई रिहा गर्ने, घाइतेलाई उपचार गराउने, मृत्यु भएकालाई सहिद घोषणा गर्ने विषयमा सरकारसँग पटक पटक सम्झौता भएको हो। त्यो त पक्कै मौखिक सम्झौता थिएन होला नि। लिखित सम्झौता भएको हो, सरकारको पक्षबाट हस्ताक्षर भएको छ। यदि त्यस्तो सम्झौता भएको छ भने अहिले किन फाइल खोलेको होला हामी तपाई सबैलाई त्यसको नियतको बारेमा थाह छ। यदि सरकारको नियत खराब छैन भने गौर घटनाको बारेमा युएनलगायत विभिन्न निकायले जाँच बुझ गरेका छन्। सरकारी निकायले पनि गरेको छ, यहाँसम्म कि माओवादी स्वयंले पनि गरेको छ। यी सबै प्रतिवेदन किन सार्वजनिक गर्दैन त। एउटा कुनै दलको विशेष उक्साहटमा सरकारले सम्झौताबाट टुगिंसकेको घटनालाई किन बाहिर ल्याएको बुझिसक्नु छैन। यदि सरकारले त्यसको बारेमा छानविन नै गर्ने हो भने एउटा उच्च स्तरीय छानविन आयोग बनाएर गर्नुपर्छ। हामीले माग पनि गरेका छौं।

**तपाईका दल सरकार र मोर्चा दुईटैमा छ तै पनि तपाईहरुमाथि अन्याय भइरहेको छ त्यहाँ बस्नुको औचित्य के त ?**

यहाँ सरकार र मोर्चाको मात्र कुरा होइन देशकै कुरा भइरहेको छ। देशमा जुन खेलहरु भइरहेका छन्। जे षड्यन्त्र भइरहेका छन् त्यसले देश नै संकटमा पर्ने हो कि हाम्रो चिन्ता हो। हाम्रो लागि सरकार र मोर्चा ठूलो कुरा होइन। सरकारमा आउने जाने भइरहेका हुन्छन्। गौर घटनाको फाइल खोलेको छ त्यो जसपाका लागि चिन्ताको विषय होइन यो त राज्यले सोच्ने कुरा हो। गौर घटनालगायत विभिन्न कुराहरु अहिले जसरी उठाइएका छन् त्यो सरकार ढाल्न र मोर्चा विघटनाका लागि नै हो। त्यो कुरामा जसपा सचेत छ। विगतमा पनि दुई दुई पटक संसद विघटन भएको हो। त्यसलाई जोगाउने काम यही गठबन्धन र मोर्चाले गरेको थियो। अहिले पनि त्यही खेल सुरु भएको छ। जसपा सरकार र मोर्चामा रहनु न रहनु ठूलो कुरा होइन। तर देश नै अर्को कोर्समा जाँदैछ कि हाम्रो चिन्ता रहेको छ। देशमा अर्को द्वन्द सृजना हुन्छ कि हाम्रो चिन्ता हो। केही शक्ति चाहन्छन् कि जसपा सरकार र मोर्चा छाडेर निस्कोस्। त्यो खेल हामी पनि बुझेका छौं तर यी कुरालाई कसरी सेटल गर्ने त्यसको जिम्मेवारी सरकारको हो। सरकारले जसपासँग कसरी व्यवहार गर्छ, सरकार र मोर्चालाई टिकाउन कस्ता कस्ता कदम चाल्छ त्यसमा भर पर्छ।

**गौर घटनालाई लिएर छानविन गर्दैमा देश कसरी दुर्घटनामा जान्छ त ?**

मैले माथि नै भने कि यहाँ गौर घटनाको कुरा मात्र होइन। गौर घटनाका कारण सरकार तथा मोर्चामा कुनै असर गर्दैन तर त्यसको आडमा हुने विभिन्न खेलले जे पनि हुनसक्छ भनेको हुँ। विगतमा संसद विघटन हुँदा गठबन्धनले खुटट्ा दरो नपारेको भए देश त्यति नै बेला अर्को कोर्समा जान्थ्यो त्यो अवस्था अहिले पनि सृजना भएको छ। खुलेर नै भन्दाखेरी देशका कुन नेतामाथि मुद्दा छैन। सबैको मुद्दाको फाइल खोले भने देशको अवस्था के हुन्छ ? सबैमाथि मुद्दा लगाएर जेल नै पठाउन थाले भने देशका अवस्था के हुन्छ ? म दाबाको साथ भन्छु नयाँदेखि पुराना सबै नेतामाथि कुनै न कुनै मुद्दा विचाराधिन छ, चाहे प्रचण्ड होस् या शेरबहादुर देउवा, या केपी शर्मा ओली होस् या प्रचण्ड। अथवा रवि लामिछाने होस् या सिके राउत अथवा रेशम चौधरी किन नहोस्। सबैमाथि कुनै न कुनै मुद्दा अदालत, प्रहरीमा विचाराधिन छन् के सबैलाई समातेर जेलमा थुनि दिने हो त ? सबैमाथि मुद्दा लगाइयो भने देशको अवस्थ के हुन्छ। अहिले त्यही भइरहेको छ। जसको हातमा सत्ता र शक्ति छ उसले अरु दलका नेताहरुमाथि मुद्दा लगाएर तर्साउन खोजिरहेको छ। कमजोर बनाउन खोजिरहेको छ। भोली अर्काको नेतृत्वमा सरकार बन्यो र उसले पनि यसरी मुद्दा लगाएर जवर्जस्ती समात्न लगायो भने देशको अवस्था कहाँ पुग्छ। पाकिस्तान जस्तो हुन्छ कि हुँदैन ? कुनै पनि मुद्दा वा घटनालाई पूर्वाग्रही ढंगले हेर्नुहुँदैन भनि हाम्रो भनाई हो।

**त्यसो भए अहिले जति नेतामाथि मुद्दा लगाइएको छ ती सबै सरकारको गलत कदम हो त ?**

सबै गलत होइन तर सबै सही पनि होइन। कतिपय नेतालाई पूर्वाग्रही ढंगबाट फँसाउने काम पनि भइरहेको छ भने कतिपय नेताले गल्ती नै गरेका छन्। उदाहरणका लागि ललिता निवास घटनालाई हेर्नुहुन्छ भने त्यसमा कतिपय नेता तथा व्यक्तिहरु निर्दोष छन् तर उसलाई त्यसमा फँसाइएको छ। बालकृष्ण खाँणको कुरा गर्नुहुन्छ भने प्रमाण उहाँको विपक्षमा छैन। त्यस्ता केही प्रमाण भेटिएको छैन तर उहाँलाई जेलमा राखिएको छ। कतिपय नेताहरुलाई आशंकाको भरमा समातेर जेलमा हालिएको छ। सरकारले इगोमा काम गरिरहेको जस्तो अनुभुती मलाई भएको छ। यस्तै इगोमा काम भयो भने भोली अर्को सरकार गठन हुँदा यस्तै हुने त होइन भनि चिन्ता छ।

**अहिलेको सरकार ‘इगो’ मा काम गरिरहेका छ त ?**

काँग्रेसका सुनिल शर्मालाई समातेर थुन्नु भनेको इगो हो कि होइन। सुन काण्डको बारेमा कसैको बारेमा बोलेकै कारणले उहाँलाई समातेर थुनिएको थियो। सरकारले यसरी विभिन्न दलका नेताहरुलाई फँसाएर राख्न चाहेको देखिन्छ। त्रसित बनाएर आफ्नो अधिनमा राख्न खोजेको देखिन्छ। भोली गएर सरकारले कुनै गल्ति गरेपनि कुनै दल तथा नेताले त्यसको विरोधमा नबोलोस् भन्नका लागि पनि कतिपय हरकत भइरहेका छन्। सरकारले अहिले भ्रष्टाचार तथा सुशासनका लागि चालेको कदम राम्रो छ, त्यो काबिले तारिफ छ तर त्यसको आडमा केही गलत काम पनि भइरहेका छन्। त्यो सरकारले गरिरहेको छ कि अरु कुनै शक्ति केन्द्रले गरिरहेको छ त्यो थाह छैन तर पक्कै पनि केही न केही गलत भइरहेको छ भने कुरा सबैतिर महसुस भइरहेका छन्।

**नेता तथा पार्टीलाई फँसाएर केमा प्रयोग गर्ला जस्तो तपाईलाई लाग्छ ?**

यो सरकार टिकाउने खेल पनि हुनसक्छ। अहिलेको सरकार माओवादीले नेतृत्व गरेको छ। ३२ सीट भएको माओवादीले सरकार चलाइरहेको छ। सरकार छाडेर नजाओस् भनेर दलहरुलाई फँसाएर राखेको हुनुपर्छ यो एउटा मेरो आशंका र अनुमान मात्र हो। राजनीतिमा विगतमा यस्ता घटना भएकै हो। यहाँ व्यवस्थापन परिवर्तनको खेल पनि भइरहेको छ। विभिन्न राजावादी तथा नयाँ शक्तिहरु चलखेल सुरु गरेको छ। कहिले धर्मको नाम त कहिं भ्रष्टाचारको नाममा देशमा उथल पुथल ल्याउने प्रयास भइरहेको छ। त्यसका लागि पनि विभिन्न शक्तिहरुले यो खालको घटनाक्रमहरु गराएको हुनसक्छ भनि मेरो अनुमान हो। ठूला ठूला नेताहरुलाई फँसाई दिने र पछि गएर त्यही नेता तथा दलसँग बार्गेनिङ गर्ने काम हुनसक्छ। त्यसबाट सबै सचेत रहनु पर्ने आवश्यकता छ। देशमा विदेशी चलेखल तीब्र रुपमा भइरहेको छ।

# रामबालक सर जसले क्रा



- सिरहा जिल्लामा मात्र होइन, तराई मधेशमा नै चर्चित गाउँ सुब्बाऔरहीसँग टाँसिएको र भारतीय सीमानासँग जोडिएको इटाटार भन्ने गाउँ छ । औरहीसँग कुममा कुम जोडिएकोले स्वभाविक रुपमा सामन्तवादको प्रभाव इटाटारमा प्रचूर मात्रामा परेको थियो ।
- २०१७ सालमा प्रजातान्त्रिक व्यवस्थालाई मासेर राजा महेन्द्रले ल्याएको निर्दलीय सामन्तवादी पञ्चायती व्यवस्थाको जगजगी थियो । छेउमा रहेको मित्रराष्ट्र भारतमा साक्षात दुर्गाको अवतार भनिने इन्दिरा गान्धीको नेतृत्वमा पाकिस्तानलाई दुई टुक्रा पारेर बङ्गलादेशको जन्म दिइसकेको थियो भने एउटा सार्वभौम राष्ट्र सिक्किमलाई भारतमा बिलय गराएकोले नेपालमा भारतप्रति संसय जागेको थियो ।
- नेपालभरिमा नाम चलेको एउटा स्कूल नाम हो बुढानिलकण्ठ स्कूल । तत्कालीन युवराज धिराज दीपेन्द्र पनि त्यही स्कूलका उत्पादन थिए भने सिरहा जिल्लाको मिर्चैया निवासी वशन्त यादव (मेरो सानीआमाका छोरा) त्यही स्कूलबाट पढेका हुन् ।
- उहाँ २०४२ सालमा मैट्रिक पास गर्दा ठीक १५ वर्षको हुनुहुन्थ्यो । जो औसतभन्दा तल हुन्छ । औरही स्कूलको हिसावमा एस.एल.सी दिइएको भए १३ वर्षमा नै पास हुन्थ्यो उहाँ । अर्थात् दुई वर्ष घटाएर बुढानिलकण्ठ स्कूलको नामांकन परीक्षमा फुलेश्वर सरले सिरहा पठाएका थिए ।
- काका नथुनी यादव भन्नुहुन्छ, 'एक दिन बुबा जुगुतलाल यादव खेतमा हलो जोतिरहेका थिए । त्यतिकैमा शुटबुटमा सजिएर उनी त्यहाँ पुगे । बुबाले पढाईको बारेमा सोध्दा आफ्नो तयारी नपुगेकोले परीक्षा दिन असमर्थ भएको बताएका थिए ।
- औपचारिक रुपमा मैट्रिक पास गरेपनि रामबालक सर गामघरको लागि विद्वान नै हुनुहुन्थ्यो । उहाँको बोली बचन र व्यवहार कुनै पनि उच्च शिक्षा प्राप्त व्यक्तिभन्दा कम थिएन । आफ्नो मातृभाषा मैथिलीमा उहाँको भाषण सुन्न लायक हुन्थ्यो ।

**रामरिझन यादव**

महापण्डित राहुल सांकृत्यायनले एक ठाउँमा लेख्नु भएको छ, ' गाउँघरमा गाईभैंसी चराउँदै कतिपय व्यक्तिले यस्ता यस्ता रचनाको सिर्जना गर्छन् कि ठूल्ठूला साहित्यकारको दाँत अमिलो हुन्छ ।' अर्थात् प्रतिभाको जन्म सुखशयलमा नै हुन्छ भन्ने होइन । रामबालक यादव जसलाई रामबालक सरले चिनिन्छ उहाँ त्यस्तै 'गुदरीका लाल' हुनुहुन्थ्यो ।

रामबालक यादव त्यतिकै रामबालक सर हुनुभएको होइन, उहाँले कलेज र विश्व विद्यालयको औपचारिक शिक्षा वा डिग्री प्राप्त नगरे पनि आफ्नो स्वअध्ययनबाट केही विषयमा शास्त्रार्थ गर्न सक्ने हैसियत बनाउनु भएको थियो । उहाँसँग विषयको कुनै पाबन्दी थिएन । जुनसुकै विषय होस् केही न केही ज्ञान उहाँले त्यस विषयमा आर्जन गरेको देखिन्थ्यो । यही नै उहाँको खुबी हो ।

गाउँघर वा शहर बाजारमा अहिले चारैतर्फ स्कूल कालेजहरु खुलेको छन् । हजारौ विद्यार्थीहरु पढ्न गइरहेको देखिन्छन् । लाखौ लाख पासको परीक्षाफल पनि प्रकाशित भएको पाइन्छ । शिक्षकहरुको कुनै कमी छैनन् । पढेलेखेकाहरु पनि छन् । तर, बाटोमा बिक्रि भइरहेको एउटा पत्रिका कोही किन्दैन वा पढ्न रुचाउदैनन् ।

अर्थात् पठन संस्कृति ह्रास आएको देखिन्छ । कुनै पुस्तक प्रकाशित भयो भने त्यसलाई किन्न वा पढ्न मानिस रुचाउदैनन् । किनकि उनको धेरैजसो समय मोबाइलले खाइदिन्छ । यसले गर्दा मानिस मौलिक ज्ञान प्राप्त गर्नबाट टाढिदै छन् ।

रामबालक सर त्यहीं मौलिक ज्ञानको खोजिमा जीवनभर भौतारिनु रहनुभयो । उहाँले आफ्नो जीवनकालमा धेरै अभ्यासहरु गरेको पाइन्छन् । ग्रामीण समाजमा गरिएका ती अभ्यासहरु कति फलदायी थिए वा भए भन्ने कुरा आज उहाँ दिवंगत भइसकेको अवस्थामा धेरैलाई सोच्न बाध्य बनाएका छन् । किनकि, उहाँले स्थापित गर्नुभएको ती अभ्यासहरु आज मानिसको जीवन यापनका लागि आधार बनेका छन् । विचार कति ठूलो कुरा रहेछ भन्ने कुरा गाउँठाउँको मानिसलाई थाहा हुदैन । जसको बिजारोपन रामबालक सरले गर्नुभएको थियो ।

ग्रामीण भेकमा बसेर पनि उहाँले जे विचार पोख्नु हुन्थ्यो त्यो राष्ट्रिय रुपमा चर्चा परिचर्चा भएको पाइन्छ । अन्ततोगत्वा सबै त्यही ठाउँमा पुग्थे जहाँ रामबालक सरले आफ्नो विचार पोखेका हुनुहुन्थ्यो । कतिपय विचार त राष्ट्रिय रुपमा स्थापित पनि भए, जस्तो मिटरब्याज आन्दोलन । हजारौं पिडितले अहिले जुन राहत पाइरहेका छन् ती रामबालक सरकै देन हो ।

सायद यिनै कारणले होला, गोरखापत्रका सहसम्पादक तथा औरही गाउँपालिका निवासी सुरेशकुमार यादवले आफ्नो श्रीमतीको नाममा रहेको सहारा टाइम्स पाक्षिकको तर्फबाट रामबालक सरको विद्वता तथा लगनशीलतालाई हेरेर प्रत्येक वर्ष औरही माविबाट 'सी' परीक्षामा उत्कृष्ट अंक ल्याउने विद्यार्थीलाई रामबालक सरको नाममा पाँच हजार रुपियाँ पुरस्कार दिइने घोषणा गर्नुभएको छ । उहाँको यो घोषणाले यस भेकका बुद्धिजीवीहरुमा नवीन प्रकारको उत्साहको सञ्चार भएको छ ।

किनकि लाखौलाखको भोज र काजकिरिया तथा करोडौको दाइजोमा खर्च गर्ने मधेशी समाज आफ्नो बालबच्चामा उत्साह थप्न यसप्रकारको पुरस्कारको स्थापना बिरलै गरेको पाइन्छ । सामान्य परिवारमा जन्मेका र हुर्केका पत्रकार सुरेशकुमार यादव यस अर्थमा प्रशंसाका पात्र हुनुभएको छ ।

**शैशवकालीन परिवेश**

सिरहा जिल्लामा मात्र होइन, तराई मधेशमा नै चर्चित गाउँ सुब्बाऔरहीसँग टाँसिएको र भारतीय सीमानासँग जोडिएको इटाटार भन्ने गाउँ छ । औरहीसँग कुममा कुम जोडिएकोले स्वभाविक रुपमा सामन्तवादको प्रभाव इटाटारमा प्रचूर मात्रामा परेको थियो । धेरै जसो व्यक्ति गरीब थिए । अलिकति खेतीपाती भए पनि दुईछाक टार्न मुस्किल पर्थ्यो । त्यस्तो विषम् परिस्थितिमा २०२७ कार्तिक १४ गते तीन भाइ बहिनीमध्ये एकमात्र पुत्ररत्न रामबालक यादव प्राप्त भएकोमा बुबा जुगुतलाल र आमा द्रोपदी देवीको खुशीको सीमा थिएन ।

हिन्दुवादी पुरुष प्रधान समाजमा सबैले पहिलो बच्चा पुत्ररत्नको रुपमा प्राप्त होस् भन्ने मनमनै अनेकौ भाकल गरेका हुन्छन् । द्रोपदी देवीको पनि पहिलो सन्तानको रुपमा छोरी प्राप्त भएकोले छोराको आश लगाएर बसेको परिवारको मनोकामना पूरा भयो । बुबा जुगुतलाल तुलसीदासद्वारा रचित रामचरितमानसको अनुयायी भएकोले छोराको नामको अगाडि "राम" राखेर रामबालक राख्नुभयो ।

समान्य खेतीपाति गरेर जीवन निर्वाहन गर्दै आउनु भएका जुगुतलाल र द्रोपदी देवीको घरमा जेठो सन्तानको रुपमा एक कन्या फूलगामा र पुत्र रामबालक यादव तथा काका लटा यादव सन्तानविहीन भएकोले पाँच जनाको परिवार मात्र थियो । थोडै मात्र जमीन भए पनि बुबा जुगुतलाल र काका लटा यादवको मेहनतबाट जेनतेन परिवार धानी रहेको अवस्थामा फेरि छोरीको रुपमा अर्को सन्तानको जन्म भयो, जसको नाम राखियो जगदम्बा ।

यसरी आफ्ना तीन भाइबहिनी, बुबाआमा र काकाको माझमा रामबालक यादवको शैशवकालीन अवस्था बित्दै गर्दा इटाटारमा प्राथमिक विद्यालयको स्थापना भएको थियो ।

**शैक्षिक पठनपाठन**

२०१७ सालमा प्रजातान्त्रिक व्यवस्थालाई मासेर राजा महेन्द्रले ल्याएको निर्दलीय सामन्तवादी पञ्चायती व्यवस्थाको जगजगी थियो । छेउमा रहेको मित्रराष्ट्र भारतमा साक्षात दुर्गाको अवतार भनिने इन्दिरा गान्धीको नेतृत्वमा पाकिस्तानलाई दुई टुक्रा पारेर बङ्गलादेशको जन्म दिइसकेको थियो भने एउटा सार्वभौम राष्ट्र सिक्किमलाई भारतमा बिलय गराएकोले नेपालमा भारतप्रति संसय जागेको थियो ।

त्यसैले राजा महेन्द्रले अरुले एकसय वर्षमा गरेको विकास नेपालले १० वर्षमा गर्नु पर्छ भन्ने उद्घोष गर्नुभएको थियो । स्कूल कालेजहरु धमाधम स्थापना हुँदै थिए । त्यसै क्रममा इटाटारमा प्राथमिक विद्यालयको स्थापना भएका थियो । जसको पहिलो हेडमास्टर हुनुहुन्थ्यो श्रीनारायण महतो अर्थात् कोरियामाट्साव । उही कोरियामाट्साव रामबालक सरको पहिलो गुरु बन्न पुग्नुभयो । गाउँमा रहेका जमिन्दार सीताराम यादवले आफ्ना केही जग्गा स्कूल खोल्न दिएपछि प्राथमिक विद्यालय इटाटारको स्थापना भएको थियो जो शैक्षिक रुपमा अहिलेसम्म जस्ताको त्यस्तै छ । अर्थात् आधारभूत विद्यालय नामकरण गरिए पनि पढाई भने पचास वर्षपछि पनि कुनै बढोतरी भएको देखिन्न ।

अहिले ८४ वर्ष पुगेका श्रीनारायण महतो कुशवाहा भन्नुहुन्छ, 'रामबालक शैशवकालदेखि नै विलक्षण स्वभावका थिए, जे दिइन्थ्यो तुरन्ता तुरुन्त घोकेर सुनाइ दिन्थे । तीन कक्षा पास गरेपछि उनी छेउकै श्री सुन्दर निमावि औरहीमा दाखिला लिए ।'

तत्कालीन श्री सुन्दर निमावि औरहीमा नामाङ्कन गराईसके पछि रामबालक दिनहुँ स्कूल जानुहुन्थ्यो । कतिसम्म भने जुन दिन विदा हुन्थ्यो त्यो दिन पनि आमालाई आज किन पढाई नभएको सोध्नु हुन्थ्यो उहाँले । बाल्यकाल खेलकुद गरी समय बिताउने समय हो तर किन हो कुनी रामबालकलाई खेल्नुभन्दा पढ्नमा नै बढी रुची थियो । उहाँ ६ कक्षामा पुग्नुभयो तर उच्च शिक्षामा विपरित मनोवृत्तिको विकास भयो ।

**जान पाउनु भएन बुढानिलण्ठ**

नेपालभरिमा नाम चलेको एउटा स्कूल नाम हो बुढानिलकण्ठ स्कूल । तत्कालीन युवराज धिराज दीपेन्द्र पनि त्यही स्कूलका उत्पादन थिए भने सिरहा जिल्लाको मिर्चैया निवासी वशन्त यादव (मेरो सानीआमाका छोरा) त्यही स्कूलबाट पढेका हुन् । उनी युवराज दीपेन्द्रका क्लासमेट हुन् । संयोगले उनी पनि औरही गाउँपालिकासँग सम्बन्धित हुन पुगेका छन् । जो गाउँपालिकमा रामबालक सरको घर पर्दछ । औरहीका पूर्वकर्मचारी सत्यनारायण यादवका ज्वाई हुन् । अहिले नेपालको सबैभन्दा महँगो स्कूल रातोबङ्गलाका शिक्षक हुन् ।

विक्रम सम्वत २०२९ सालमा स्थापना भएको सो स्कूलले प्रत्येक वर्ष देशभरीबाट जेहन्दार र विलक्षण स्वभाव र प्रतिभा भएका विद्यार्थी चयन गर्ने परम्परा स्थापित गरेको थियो । जसको सम्पूर्ण खर्च स्कूलले व्यहोर्ने गरिन्थ्यो । यसैक्रममा स्कूलको टीम सिरहा आई पुग्यो । जिल्लाका विभिन्न स्कूलहरुले उसको आचारसंहितानुसार चार कक्षाका विद्यार्थीलाई परीक्षामा सामिल गराए । जसमा श्री सुन्दर निमाविका हेडमास्टर फुलेश्वर यादवले रामबालक यादवलाई पठाउनुभएको थियो ।

वास्तवमा उहाँ ६ कक्षाका विद्यार्थी हुनुहुन्थ्यो । तर पढ्नमा

# न्तिको बीज छरेर जानुभयो

अत्यन्तै मेधावी भएकोले रामबालकले परीक्षा पास गर्न सक्छ भनेर कक्षा घटाएर पठाइएको स्कूलका कतिपय शिक्षकहरु बताउनु हुन्छ । जसमा सबैभन्दा बढी सहयोग उहाँको प्रतिभाले गरेको थियो । अर्को सहयोग उहाँको पुड्कोपनले दियो । अर्थात् कद छोटो भएकोले चार कक्षाको विद्यार्थी हो भन्दा कुनै फरक परेन ।

उहाँ पास पनि हुनुभयो। तर अफसोच समयमा काठमाडौं जान नसकेकोले त्यो स्कूलमा नामाङ्कन हुन पाएन । सकेण्ड ग्रेड तथा उही प्रकारको स्कूल त्रिभूवन आदर्श मावि फार्पिंगमा पनि रहेछ जहाँ उहाँको एडमिशन भयो । त्यहीबाट उनले २०४२ सालमा प्रथम श्रेणीबाट एस.एल.सी. उत्तिर्ण गर्नुभयो । उहाँको मार्कशीट हेर्दा नेपाली विषयबाहेक सबैमा डिसटिन्सन मार्क छन् ।

नेपालीमा पनि ५० अंक ल्याएका हुन् जो साहित्यमा राम्रो मानिन्छ । हाम्रो बेलामा नेपालीबाहेक हिन्दी विषय लिने चलन पनि थियो । मैले ५६ मार्क ल्याउँदा त्यस विषयका चन्द्र माध्यमिक विद्यालय सिरहाका गुरुवर पं.बुद्धिनाथ झाले धेरै प्रशंसा गर्नुभएको मलाई अझै याद छ

**उच्च शिक्षामा असफल**

उहाँ २०४२ सालमा मैट्रिक पास गर्दा ठीक १५ वर्षको हुनुहुन्थ्यो । जो औसतभन्दा तल हुन्छ । औरही स्कूलको हिसावमा एस.एल.सी दिइएको भए १३ वर्षमा नै पास हुन्थ्यो उहाँ । अर्थात् दुई वर्ष घटाएर बुढानिलकण्ठ स्कूलको नामांकन परीक्षमा फुलेश्वर सरले सिरहा पठाएका थिए । यो उमेर एउटा यस्तो बेला हो जो पतालतिर हेर्दैन । आकाशमात्र हेर्छ । त्यसैले त प्रचण्ड र बाबुरामले नेपाल प्रहरी र सेनालाई पराजित गर्न जनयुद्धमा १६ देखि २० वर्षको युवालाई प्राथमिकतामा राख्नु भएको थियो । कस्तो अचम्मको उमेर हो भन्ने कुरा यसबाट अन्दाज लगाउन सकिन्छ कि बच्चादेखि पालनपोषण गरेको एउटा छोरी अञ्जान र कहिल्यै नदेखेका व्यक्तिसँगको केही दिनको मित्रतामा सदाको लागि घरपरिवार छोडेर भाग्छन् ।

जसलाई चलनचल्तीको भाषामा प्रेम भने पनि त्यो वास्तवमा दिवानगी हो । उहाँले शैशवकालदेखि शिक्षालाई जसरी प्रेम गर्नुभएको थियो । १६ वर्षको त्यो यौवनावस्थाले यस्तो दिवानगीमा रुपान्तरित गर्‍यो कि जीवन र जगत के हो भन्ने कुराको बोध नै भएन उहाँलाई । पारिपटीको एउटा अल्लारे केटासँगको कुसङ्गतले उहाँको शैक्षिक प्रेम दिवानगीको लपेटामा परेका कारणले गर्दा रामबालक सर आफ्नो उच्च शिक्षा जस्तो अत्यन्तै महत्वपूर्ण जीवनकाललाई बर्वाद पार्नुभयो । वास्तवमा उहाँको त्यो दिवानगी कुनै केटीभन्दा पनि कराँतेसँग थियो थियो । कराँते खेल जो एशियाडदेखि ओलम्पिकसम्म खेलिन्छन् तर उहाँ स्थानीय खेलाडी पनि हुन पाउनु भएन । त्यतिबेला उहाँ विहारको नामी महाविद्यालयमध्ये एक दरभंगास्थित सि.एम. साइन्स कलेजको आई.एस.सी.का विद्यार्थी हुनुहुन्थ्यो । उहाँको पढाई राम्रो होस भनेर बुबाले ६ कठ्ठा खेत बेचेर बैंकमा पैसा राख्नु भएको कुराले के पुष्टि हुन्छ भने अभिभावक शिक्षाप्रति अत्यन्तै सचेत हुनुहुन्थ्यो । किनकि थोडै मात्र खेत भएकोले दुईछाक टार्न मुस्किल पर्ने अवस्था रहेकोले साक्षर बुबालाई कसैले सुझाएको हुन सक्छन् । होइन भने पढाईप्रति यादव जातमा त्यति चासो थिएन ।

गाउँमा मुश्किलले केही व्यक्ति ग्रेजुवेट गरेका थिए । बरु बढही (शर्मा) जातमा शिक्षाको घाम लागेको देखिन्छ । र, शायद त्यसै ले होला नेपाल सरकारको सबैभन्दा ठूलो ओहदामा तिनै जातका श्रीनारायण शर्मा पुग्नु भएको हो । प्राध्यापक बद्रीनारायण यादव सिरहा स्कूलका शिक्षक हुनुहुन्थ्यो भने रोहित यादव सन्हैठा माविमा पढाउनु हुन्थ्यो । यस्तो विषम परिस्थितिमा एउटा सामान्य साक्षर बुबाले रामबालकको लागि गरेको शैक्षिक व्यवस्थापन अत्यन्तै प्रशंसायोग्य मान्नुपर्छ । तर यति हुँदाहुँदै पनि उहाँले कराँते खेलप्रति देखाएको दिवानगीको कारण बुबाले ठूलो सजाय दिनुभएको थियो ।

**बुबाले कुटेको यथार्थ**

काका नथुनी यादव भन्नुहुन्छ, 'एक दिन बुबा जुगुतलाल यादव खेतमा हलो जोतिरहेका थिए । त्यतिकैमा शुटबुटमा सजिएर उनी त्यहाँ पुगे । बुबाले पढाईको बारेमा सोध्दा आफ्नो तयारी नपुगेकोले परीक्षा दिन असमर्थ भएको बताएका थिए । बुबाले उनको कुरा सुन्न बितिकै आग बबुला भए । गोरुलाई कुट्ने लठीले खेतको हिल्लोमा कुट्न थालेपछि मैले बचाएको थिए ।'

रामबालक सरको बुबाको भनाई थियो कि पढ्न दिएपछि पढ्नु पर्छ अन्यथा खेतमा काम गर । बुबाको भावलाई आत्मसात गर्दै पुनः उनी भारतको दरभंगातिर लाग्नुभयो । परीक्षा पनि दिनुभयो तर कुसङ्गतले बिगारेको दिनको पुनरावृत्ति भयो । उहाँ असफल भएर घर फर्किनुभयो । शैक्षिक रुपमा मैट्रिक पासको मैट्रिक पासमा नै अड्किनुभयो । उहाँले औपचरिक रुपमा उच्च शिक्षामा उक्लिन सक्नुभएन । तर म चाहि उक्ले । मरो दिवानगी भैंसी चराउनु र पहलवानी खेल्नुसँग थियो । बुबाले कुटे पनि भैंसीमा भाग्थे । तर, काका जीवछ, रासलाल र रामनारायण तथा भैया मातवर पढेलेखेका ग्रेजुवेट भएकोले त्यो संस्कार ममा आएकोले पढ्न सके ।

**व्यवहारिक अभ्यास**



औपचारिक रुपमा मैट्रिक पास गरेपनि रामबालक सर गामघरको लागि विद्वान नै हुनुहुन्थ्यो । उहाँको बोली बचन र व्यवहार कुनै पनि उच्च शिक्षा प्राप्त व्यक्तिभन्दा कम थिएन । आफ्नो मातृभाषा मैथिलीमा उहाँको भाषण सुन्न लायक हुन्थ्यो । शैक्षिक डिग्री कम भए पनि उहाँ उच्चस्तरको सोच राख्नेमा पर्नुहुन्थ्यो जो सामान्य पढे लेखेकाहरुले गर्दैनन् वा गर्न पनि सक्दैनन् ।



एकताका उहाँले श्वेतक्रान्तिको बारेमा पढ्नुभएको थियो । उहाँलाई लाग्यो कि दुध उत्पादनमा इटाटार स्वनिर्भर हुन सक्छन् । त्यसैले विभिन्न प्रकारको घाँसको बारेमा अध्ययन गर्न विहारको पुसा कृषि विश्वविद्यालय पुग्नुभयो जहाँ कैयौ दिन बसेर गाईलाई खुवाउने घाँसको बारेमा अध्ययन गरेर फर्किनु भयो । गाई पालन पनि गर्नुभो । उहाँको देखा सिकीमा मैले पनि गाई पालनको लागि केही लाख खर्च गरेका थिए । तर, दुबैजना असफल भए । यद्यपि हामीले प्रारम्भ गरेको सोचबाट इटाटारमा श्वेतक्रान्ति भयो । अहिले इटाटार दुधमा आत्मनिर्भर छन् भने मेरो गाउँ सन्हैठा परनिर्भर ।

एकताका उहाँ कतै पहाडमा शिक्षक हुनुहुन्थ्यो । साथीसँग भेट भयो । शिक्षण छोडेर केला खेती गर्न कैलाली जिल्लाको टिकापुर पुग्नुभयो । केला राम्ररी फल्न लागेकै अवस्थामा बुबाको देहान्त भयो । गहभरि आँसु लिएर बुबा सामान काका नथुनी यादव दुई दिनसम्म सिरहामा सम्पर्क गर्दा बल्ल दुई सकेण्डको लागि सम्पर्क भएको थियो उहाँको । बुबा बित्यो भन्ने कुरा उहाँ सुनेको हुनाले नै चितामा राखिसकेको बुबालाई हेर्न घर आइपुगनु भएको थियो ।

**शिक्षण अभ्यास**

उहाँले आफ्नो जीवनमा सबैभन्दा बढी अभ्यास शिक्षणको लागि गर्नुभएको छ । त्यसैले रामबालक सर कहलाउनु भयो उहाँ । उहाँ पढेको स्कूलमा नै सबैभन्दा पहिले शिक्षक बन्नुभयो । दक्षिणकालीमा रहेको त्रिभूवन माध्यमिक विद्यालयमा पहिलो पटक पढाउन थालेपछि केही दिनपश्चात खटपट भयो । उहाँले त्यो छोडेर घर जानका लागि तयारी गरिहँदा विद्यार्थीले हडताल गरेका थिए । फलस्वरुप उहाँ त्यहाँ बस्न बाध्य हुनुभयो । तर धेरै वर्षसम्म बस्न सक्नु भएन ।

सकेको भए आज उहाँ काठमाडौंबासी हुन्थ्यो होला र शिक्षामा औपचारिक रुपमा उच्च डिग्री प्राप्त गरिसकेको हुन्थ्यो होला । तर, अस्थिर मन र व्यवहारको कारण उहाँ आफ्नो छोटो जीवनकालमा करिब एक दर्जन स्कूल चहारेको वा खोलेको देखिन्छन् । दक्षिणकालीपछि उहाँ गोरखा पुग्नुभयो । गोरखाबाट केला खेती गर्न टिकापुर पुग्नु भएका रामबालक सर त्यहाँ पनि अध्यापन गर्नुभएको थियो । तत्पश्चात् उहाँ आफ्नो बुबाको शदगत गर्न घर फर्केपछि फेरि कहिल्यै फर्केर पहाड चढ्नु भएन ।

आफ्नो जिल्ला सिरहामा रहँदा उहाँले औरही भन्सार नजिक दीपज्योति बोर्डिङ्ग स्कूल त्यसपछि सन्हैठामा स्थापित जनता जनार्दन स्कूलको प्रिन्सपल भएर केही वर्ष काम गर्नुभएको थियो । यस बीचमा उहाँले सुन्दर मावि औरहीमा पनि पढाउनुभयो । तर त्यहाँ धेरै दिनसम्म टिक्नु भएन । त्यसपछि उहाँले गणेशपुर चौकमा मिथिला विद्या मन्दिर स्थापना गर्नुभएको थियो । यो स्कूल केही वर्षसम्म त चल्यो तर निरन्तरता भने लिन सकेन ।

अन्त्यमा आफ्नै जग्गामा ज्ञानदर्शन स्कूल खोल्नुभयो जसको भौतिक अवशेष अझै बाँकी छ । त्यहीं स्कूलको प्राङ्गनमा उहाँ सदाका लागि विलीन हुनुभयो । एउटा शिक्षकको लागि योभन्दा ठूलो गौरवको विषय अर्को हुनै सक्दैन ।

**सामाजिक क्रान्ति**

मूलभूत रुपमा उहाँ 'को' हुनुहुन्थ्यो भन्ने कुरा ठम्याउन गाह्रै पर्ला । अभियानी (कम्पेनर) थिए कि आन्दोलनकारी ( मूभमेन्ट लन्चर) वा क्रान्तिकारी (रिभोलुसनरी) । मूलतः उहाँ परिवर्तनकारी हुनुहुन्थ्यो । त्यसैले आफ्नो बुबाको काजकिरिया चार दिनमा सकाउनु भएको थियो । एउटा परिवर्तनकारी अभियानी पनि हुन सक्छ । आन्दोलनकारी र क्रान्तिकारीको अंश त्यसमा पाइन्छ । तर आन्दोलनकारी वा क्रान्तिकारी हुन्छ नै भन्ने कुरा होइन । उहाँले सामाजिक परिवर्तनका लागि जे भूमिका खेल्नुभयो त्यसले तत्काल कुनै परिणाम दिन नसकेपनि अन्त्यमा समाज सुधारको एउटा अव्यवको रुपमा स्थापित हुनेछ ।

**मिटरब्याज आन्दोलन**

मिटरब्याज के हो भन्ने कुरा मलाई राम्ररी थाहा थिएन । हुलाकी सडकको लागि राजविराजबाट जनकपुरसम्मको पैदलमार्च

बाँकी पृष्ठ १२ मा

# रामबालकको नाममा सहारा टाइम्सले गऱ्यो शैक्षिक पुरस्कारको घोषणा

सहारा टाइम्सले शिक्षक एवं समाजिक अभियन्ता स्वर्गीय रामबालक यादवको नामबाट शैक्षिक पुरस्कारको घोषणा गरेको छ । सहारा टाइम्स १४ वर्ष पुरा गरी १५औं वर्षमा प्रवेश गरेको अवसरमा सो पुरस्कारको घोषणा गरिएको प्रकाशक लाली यादवले बताउनुभयो । रामबालक यादव एउटा कुशल शिक्षक मात्र नभएर समाजलाई परिवर्तन गर्ने एक योद्धा हुनुहुन्थ्यो, उहाँको स्मरणमा प्रत्येक वर्ष भदौं ८ गते वा १६ गते श्री सुन्दर जनता माध्यमिक विद्यालयबाट एसइइमा उत्कृष्ट अंक ल्याएर उतिर्ण हुने विद्यार्थीलाई पाँच हजार नगदसहित सम्मानपत्र र दोसल्ला ओढाएर पुरस्कृत गरिने उहाँले बताउनुभयो । पुरस्कृत हुने विद्यार्थीले यदि पत्रकारिता पढ्न चाहेमा कलेजहरुमा थप सहयोगका लागि पहल गरिने प्रतिवद्धता समेत उहाँले जनाउनुभयो ।

रामबालक यादव औरही स्कूलमा अध्ययनको साथै केही समय त्यहाँ अध्यापन पनि गराउनु भएको हुनाले शिक्षा क्षेत्रमा उहाँले दिएको योगदानको कदर गर्दै सो पुरस्कारको स्थापना गरिएको प्रकाशक यादवले बताउनु भयो । रामबालक यादवको निधन भदौं ८ गते भएको थियो । उहाँको काजक्रिया चार दिनमै सम्पन्न गरिएको हो । काजक्रियाको अन्तिम दिन भदौं ११ गते उहाँको निवासमा आयोजित शब्दश्रद्धाञ्जली कार्यक्रमको आयोजना गरिएको थियो । सामाजिक अभियान्ता रामरिझन यादवले सहजिकरण गर्नुभएको थियो । पुरस्कारको घोषणा औरही गाउँपालिका वडा नम्बर ५ का वडा अध्यक्ष रामपृत यादवले गर्नुभएको थियो ।

शब्दश्रद्धाञ्जली कार्यक्रममा अभियन्ता रामरिझन यादवले रामबालक यादवको योगदान र पहिचानको चर्चा गर्नुभएको थियो । रामबालकले समाज परिवर्तकका एक योद्धा हुनुहुन्थ्यो, उहाँकै योगदान र लगनशिलताका कारण मिटरब्याजी पिडितले राहत पाएको उहाँले बताउनुभयो । उहाँ परिवर्तनका लागि लड्नु भएको कारण आफ्नो बुवाको काजक्रिया चार दिनमै सम्पन्न गर्नुभएको थियो र उहाँको काजक्रिया पनि चार दिनमै सम्पन्न गरिएको उहाँले बताउनुभयो ।

जनमतको मन्त्रालयमा काँग्रेसको रजाइँ

डा.सिके राउत नेतृत्वको जनमत पार्टीले लामो प्रयासपछि संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय पाएको छ । मन्त्रीमा अनिता साहलाई पठाएको छ । तर मन्त्रालय अनिता साहले चलाई रहनु भएको छ कि सिके राउतले त्यसको बारेमा मन्त्रालय र त्यसमातहका कर्मचारीले टिप्पणी सुरु भएको छ । मन्त्रालयसँग सम्बन्धीत हरेक फाइल अध्ययन गरि त्यसको डिल गर्ने काम स्वयं सिके राउतले गर्नुभएको समान्य प्रशासन मन्त्रालयका एक कर्मचारीले बताउनुभयो । उहाँले भन्नुभयो, 'मन्त्रीज्युले सानो भन्दा सानो काम सिके राउतलाई नसोधी गर्नुहुन्न, त्यस्तै महत्वपूर्ण फाइल छ भने सचिवसहितका कर्मचारी सिके राउतलाई भेट्न उहाँकै कार्यालयसम्म समेत जाने गर्नुभएको छ । '

अन्य सरुवा बढुवाको काम पनि सिके राउतकै सल्लाहमा हुने गरेको छ । उहाँको सल्लाह बिना मन्त्री साह एक कदम पनि चल्नुहुन्न । मन्त्रालयमा मन्त्रीसँग भेटघाट गर्नेहरुको भिड मात्र हुन्छ तर सबै काम शंखमुलको पार्टी कार्यालयबाट हुने गरेको स्रोतले दावी गरेको छ । त्यो भन्दा महत्वपूर्ण कुरा जनमत पार्टीले पाएको मन्त्रालयमा काँग्रेसको हालीमुहाली रहेको देखिन्छ । त्यहाँ काँग्रेसका कार्यकर्ता, पत्रकारहरुको चहलपहल देखिएका हुन्छन् । सामान्य प्रशासन मन्त्रालयका सचिव विनोद प्रकाश सिंह हुनुहुन्छ । उहाँ काँग्रेस निकट हुनुहुन्छ भनि स्रोतले दावी गरेको छ । उहाँकै कारण काँग्रेसीहरुको अलि चहल पहल बढी देखिएको बताइएको छ ।

त्यस्तै मन्त्रीकै विज्ञ सल्लाहकारमा बुद्धिराज न्यौपाने रहनु भएको छ । उहाँले नियुक्ति पत्र पाउनु भएको छ कि छैन थाह छैन तर उहाँले आफूलाई मन्त्रीको विज्ञ सल्लाहकार भन्ने गर्नुहुन्छ । काँग्रेसका नेता कृष्णप्रसाद सिटौला गृहमन्त्री भएको बेला न्यौपाने सिटौलाको स्वकीय सचिव हुनुहुन्थ्यो । स्रोत भन्छ, काँग्रेस भएको मात्र सिटौलाको स्वकीय सचिव बन्न पाउनु भएको थियो, अन्य पार्टीको भए कहाँ त्यस्तो सौभाग्य पाउनुहुन्थ्यो र तर अहिले काँग्रेस हुनुहुन्छ कि हुनुहुन्न थाह छैन ।' समान्य प्रशासन मन्त्रालयमा न्यौपानेको हालीमुहाली रहेको जनमत पार्टीका नेताहरु बताउँछन् ।

# सिरहाको सहइन्चार्जमा साह

जनता समाजवादी पार्टी नेपालका मधेश प्रदेश समितिले विष्णुकुमार साहलाई सिरहा जिल्लाको सहइन्चार्जको जिम्मेवारी दिएको छ । साउन ३० गते बसेको समितिको बैठकले साहलाई सहइन्चार्जको जिम्मोवरी दिएको हो । सिरहाका विष्णु साह मधेश प्रदेश समितिका सदस्य पनि हुनुहुन्छ ।

जसपामा मधेशी जनअधिकार फोरम नेपालदेखि नै लागेको साह २०७० को संविधान सभामा चुनावमा तत्कालिन सिरहा-४ मा तत्कालिन फोरमबाट माओवादीका अध्यक्ष प्रचण्डसँग चुनावमा प्रतिस्पर्धा गरेका थिए । सिरहामा मधेश आन्दोलनमा सक्रिय भएर लाग्नु भएका साहको काठमाडौंमा होटल व्यवसाय छ । उहाँ चुरे संरक्षण अभियानमा पनि लाग्नु भएको छ ।

जसपाले अहिले पार्टीको नयाँ विधानअनुसार तीन महिने अभियान सुरु गरेको छ । नयाँ विधानअनुसार पार्टीका संगठन पुनर्गठन गर्नुको साथै समितिहरु पनि बनाइ रहेका छन् । जसपाले विभिन्न संगठनहरुको बैठक बसाएर पुनर्गठित तथा समिति बनाउने काम गरिरहेको छ सोही क्रममा आफूलाई नयाँ विधान अनुसार सहइन्चार्जको जिम्मेवारी दिएको साहले बताउनुभयो । पार्टीले दिएको जिम्मेवारी इमान्दारीपूर्वक कार्यान्वयन गर्ने उहाँले बताउनुभयो ।

विधान अधिवेशन गरी नयाँ विधान ल्याएपछि त्यसलाई कार्यान्वय गराउनका लागि अहिले देशैभरका संगठन चलयमान भएको उहाँले बताउनुभयो । संगठन विस्तारदेखि लिएर नयाँ सदस्यता वितरण तथा सदस्यता नविकरणको काम पनि गरिरहेको उहाँले बताउनु भयो । नयाँ विधान आएपछि पार्टीका नेता तथा कार्यकर्ताहरु उत्साहित भएको बताउँदै उहाँले विधान अनुसार पार्टीमा युवालाई स्थान दिन लागेको बताउनु भयो ।

विधान अनुसार पार्टीमा ४० प्रतिशत युवा रहने प्रावधान राखेको त्यो अनुसार युवालाई जोड्ने काम भइरहेको छ । त्यस्तै, एक व्यक्ति पद तथा एक समितिको प्रावधानलाई पनि लागु गरिरहेको बताउँदै उहाँले विधान आएपछि पार्टी पुनर्गठनको अवस्थामा गइरहेको छ र यो क्रम महाधिवेशन नभएसम्म चलिरहने बताउनुभयो ।

# अस्पतालबाट दाताको नाम हटाएपछि सुरु भयो लफडा

मधेश प्रदेश सरकारले सिरहा लहानका रामकुमार सारदा, उमाप्रसाद मुरारका अस्पताललाई प्रादेशिक अस्पताल नामाकरण गरेपछि त्यहाँ लफडा सुरु भएको छ । रामकुमार सारदा, उमाप्रसाद मुरारकाले भन्नुभएको छ, यदि हाम्रो त्यहाँ केही रहेन भने हामी पनि त्यहाँ रहदैनौं अर्थात अस्पताललाई दिएको जग्ग फिर्ता लिन्छौं ।'

मधेश प्रदेशका स्वास्थ्य मन्त्रालयले कसैको नामबाट रहेको अस्पताललाई बजेट दिन नमिल्ने भएकाले नाम हटाएपछि मात्र बजेट दिने भनेपछि प्रदेश अस्पताल समितिले रामकुमार सारदा, उमाप्रसाद मुरारका हटाएर सिधै प्रादेशिक अस्पताल राखेको छ । त्यसमा रामकुमार सारदा, उमाप्रसाद मुरारकाको चित्त दुखेको छ । उहाँहरुले अस्पताललाई एक विघा १५ कठ्ठा १० धुरा जमिन दिनुभएको छ तर नामसारी भएको थिए । यहीं बेला नाम हटाउने लफडाका कारण रामकुमार सारदा, उमाप्रसाद मुरारकाले अदालतमा मुद्दा दायर गरेर भएपनि आफ्नो जग्गा फिर्ता लिन धम्की दिनुभएको छ । प्रादेशिक अस्पतालसँग आफूहरुको नाम नराखिए दिएको जमिन पनि फिर्ता लिने धम्की दिएसँग अस्पतालको छेउमा रहेको जमिन त्यही नजिकै रहेका सागरमाथि चौधरी आँखा अस्पताललाई उहाँहरुले बेचि दिनुभएको छ ।

जबकी त्यो जमिन पनि अस्पताललाई नै दिने छलफल चलिरहेको थियो । यस्तो नामको लफडा आएपछि रामकुमार सारदा, उमाप्रसाद मुरारकाले हतार हतारमा त्यो जमिन बेचि दिनुभयो । अब आँखा अस्पताले पनि जेनरल उपचारका लागि छुटटै विशेष सुविधाको अस्पताल बनाउने सोच बनाएको थियो । आँखा अस्पतालमा आँखाको समस्या लिएर आउनेको अन्य समस्या पनि हुनसक्छ ।

ती विरामीहरु रामकुमार सारदा, उमाप्रसाद मुरारका अस्पतालमा पठाउने गर्दथ्यो । तर अब आँखा अस्पताले आफ्नै जेनरल सेवाका लागि अस्पताल बनाएपछि रामकुमार सारदा, उमाप्रसाद मुरारका अस्पताल सुक्ने भयो । त्यसले लहानवासीकाली चिन्ताका विषय बनेको छ । केही दिन पहिले अस्पतालका प्रतिनिधिहरु यिनै विषयहरुलाई लिएर मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवलाई भेटेका थिए । भेटमा मुख्यमन्त्री यादवले प्रदेशिक अस्पतालमा दाताको नाम राख्ने आश्वासन दिएर घर पठाउनु भएको थियो ।

मिटरब्याज विरुद्धको संघर्षमा वैचारिक खुराक प्रदान गर्ने मेरो गुरुवर आदरणीय रामबालक यादवको देहावसानबाट अत्यन्तै मर्माहत हुन पुगेको छ । उहाँले देखाउनु भएको इमान्दरिताको बाटोलाई यो शिष्यले सदासर्वदा आत्मसात गर्ने प्रण गर्दै गुरुवरप्रति भावविनी हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै उहाँको देहान्तले गर्दा पारिवारिक रुपमा सबैभन्दा बढी आहत हुन पुगेकी गुरुआमा, बहिनी र भाईप्रति सान्त्वना व्यक्त गर्दछु ।

**मनोज कुमार पासवान**
**संयोजक**
**मिटरब्याज विरुद्ध संघर्ष समिति, नेपाल**

कृषकवर्गहरूलाई अनुरोध !

कृषि सामग्री कम्पनी लि. ले आयात गरेको उच्च गुणस्तरको युरिया, डी.ए.पी. एवम् पोटास मल कम्पनीका जिल्लास्थित कार्यालयहरूबाट बिक्रीवितरण भइरहेको हुँदा उक्त मल प्रयोग गरी राष्ट्रिय उत्पादनमा गुणात्मक वृद्धि गरौं ।

साथै, उक्त मल खरिद गर्दा तौल यकिन गरी मात्र खरिद गुर्नहुन समेत अनुरोध गर्दछौं ।

कृषि सामग्री कम्पनी लिमिटेड
AGRICULTURE INPUTS COMPANY LTD.
(An Undertaking of Government of Nepal)

# अश्मी श्रेष्ठको प्रेमी सार्वजनिक

पूर्व मिस नेपाल अश्मी श्रेष्ठका प्रेमी सार्वजनिक भएका छन् । उनले आफ्नो इन्स्टाग्राम पोस्ट र स्टोरीमा भिडियो राखेसँगै उनका प्रेमी सार्वजनिक भएका हुन् ।

अश्मी अमेरिका निवासी शशाङ्क लाल श्रेष्ठसँगको प्रेममा छिन् । अश्मीले एक दिन अघि इन्स्टामा राखेको बर्थडे भ्लगमा पनि शशाङ्क देखिएका छन् । उक्त भिडियो अनुसार अश्मीको बर्थडे पार्टी शशाङ्कले नै आयोजना गरेका हुन् । यसका साथै, शशाङ्कको इन्स्टाग्राम पोस्टमा अश्मी र उनको तस्बिर देख्न सकिन्छ । इन्स्टाग्राममा राखिएको सो फोटोमा धेरैले उनीहरूलाई बधाई दिँदै दुई जनाको विवाह हेर्न चाहेको भन्दै कमेन्ट गरेका छन् । शशाङ्कको इन्स्टाग्राम पोस्ट हेर्दा उनी केही समय अघिदेखि प्रेम सम्बन्धमा रहेको बुझ्न सकिन्छ ।



# प्रियांशुले लगाइन् बलत्कारको आरोप



भोजपुरी फिल्मको नायिका प्रियांशु सिंहले आफ्ना नजिकका साथी तथा को-स्टार पुनित सिंहमाथि बलत्कारको आरोप लगाएकी छिन् । यो आरोपले पुरै भोजपुरी फिल्म इण्डिस्ट्रमा चर्चाको विषय बनेको छ ।

नायिका प्रियांशु सिंहले भनिन्, 'पुनितले मलाई विवाहको आश्वासन दिएर मलाई फँसाउनु भयो र पछि बलत्कार गर्नुभयो र यो मैले करिब दुई वर्षदेखि झेलिरहेको छु ।' आफूहरु एउटै जातका हौं, आफूहरुको विवाह निश्चित छ, कसैले रोक्न सक्दैन भनि आश्वासन दिएर पुनितले पटक पटक कहिले रक्सी खुवाएर त कहिले के बहानामा आफूसँग शारीरिक सम्बन्ध बनाएको आरोप लगाएकी छिन् । दुई वर्षसम्म विवाहको आश्वासन मात्र दिएको तर विवाहको आश्वासन दिएर शरीरसँग खेल्ने काम गरेको आरोप प्रियांशुको छ ।

उनले भारतका एक सञ्चारमाध्यमलाई भनिन्, 'पुनितले मसँग शारीरिक सम्बन्ध मात्र होइन, मसँग अनेचुरल कार्यहरु पनि गर्न लगाउनुभयो जो अहिले सम्झदा लाज लाग्छ ।' सन् २०२१ देखि दुवै जनाको बीच मुम्बईमा चिनजान भयो र दोस्ती भयो । त्यही दोस्तीको गलत फाइदा उठाएको प्रियांशुको आरोप छ । प्रियांशुले पुनितमाथि अदालतमा मुद्दा पनि दायर गरेकी छिन् ।

# ह्वाइट हाउसमा आँचल

अभिनेत्री आँचल शर्मा फिल्म 'ह्वाइट हाउस' मा अनुबन्धित भएकी छन् । निर्माण युनिटले उनलाई फिल्मको मुख्य भूमिकाका लागि भित्र्याएको हो । फिल्ममा यस अगाडि रमेश उप्रेती र गरिमा शर्मा पनि अनुबन्धित भएका थिए । सविनकुमार तोलांगीको पटकथा लेखन तथा निर्देशन रहने फिल्म अस्ट्रेलिया र नेपालमा सुटिङ हुनेछ ।

अघिल्लो वर्ष फिल्म 'झिँगेदाउ' हिट दिएकी आँचलको यो वर्ष प्रदर्शनमा आएको 'नाइँ नभन्नू ल ६' फ्लप भयो । 'नाइँ नभन्नू ल ६' फ्लप भएपछि फुर्सदिलो बनेकी उनी केही अघि मुस्कान ढकालको निर्देशनमा बन्न लागेको फिल्म 'पञ्चामृत' भित्रिएकी थिइन् । यसमा उनको जोडी अभिनेता धिरज मगर रहने बताइन्छ । 'ह्वाइट हाउस'मा भने उनी रमेश उप्रेतीको जोडी बन्ने चर्चा छ ।







○ प्रोफाइल

# राजेश्वर नेपाली कलमजीवी मात्र होइन, क्रान्तिजीवी पनि हुन्

"हातमा घडी थिएन, कति बज्यो भनेर घण्टी बज्दैनथ्यो, सूर्यको रोशनी देखिँदैन्थ्यो । त्यहाँ एउटा पत्रकार र वकिलका एक-एक वटा हात एकै ठाउँमा बाँधेर राखिएको थियो । बिहान सौच (शौचालय) गर्दा दुवैका हातले सँगै गर्नु पर्दथ्यो, खाँदा सँगै खानुपर्दर्थ्यो, श्रीमतीको साथ मानिस नाङ्गो भएर एकसाथ बस्छन् तर उनीहरू एक साथ दिसा-पिसाब गर्दैनन् तर हामीले नाङ्गो भएर दिसाब-पिसाब सँगै गर्नुपर्ने अवस्था थियो, यो भन्दा बढी यातना के पाउनुपर्छ ?"

यी भनाइ हुन् कलमवीर वरिष्ठ पत्रकार स्वर्गीय राजेश्वर नेपालीका । अब उहाँ हाम्रो बीच हुनुहुन्न । करिब १४ महिनादेखि विरामी रहनु भएका नेपाली बाबासिर र प्रोस्टेट क्यान्सरबाट पिडित हुनुहुन्थ्यो । भदौं ११ गते ७८ वर्षको उमेरमा उहाँको निधन भएको हो ।

'नेपाली' उहाँको वास्तविक थर होइन । भारतमा स्वतन्त्रता आन्दोलन चलिरहँदा भारतका कतिपय मानिसले आफ्नो थर बदलेर भारती राखे । नेपालमा राणा शासनको विरुद्ध आन्दोलन चर्किरहँदा कतिपय नेपालीले पनि आफ्नो थरको पछाडि 'नेपाली' लेख्न थाले । ती मध्येका एक हुनुहुन्छ राजेश्वर नेपाली । बाबु रामदुलार साह र आमा इन्द्रमणिदेवी साहको कोखबाट वि.सं. २००२ भदौ १९ गते धनुषाको बेलग्राम बिन्धी गाविस वडा नं. १ मा जन्मनु भएका नेपाली कलमवीर मात्र होइन प्रजातन्त्र सेनानी पनि हुनुहुन्छ ।

उहाँका पितालगायतका २२ जना युवकले १९९२ साल वैशाख २२ गते रगतले हस्ताक्षर गरेर राणा शाही ढाल्ने कसम खाएका थिए । उहाँका पितामा गान्धीको प्रभाव पनि थियो, त्यसको असर नेपालीमा पनि पर्‍यो । लोकतन्त्रलाई सबैभन्दा प्यारो ठान्नु हुने नेपाली सानै उमेरदेखि सूचना आदान-प्रदान गर्ने कार्यमा सक्रिय रहनुभयो । २००७ सात सालको जनक्रान्तिमा उहाँ सानै हुनुहुन्थ्यो तर पनि मुक्ति सेनाका लागि रसदपानी के कस्तो छ भनेर लेखिएको चिठी मन्दिरबाट घरसम्म लै जाने कार्य गर्नुहुन्थ्यो ।

उहाँका पिताजी रामदुलार साहले मुक्ति सेनालाई आवश्यक पर्ने खाद्यान्न आपूर्ति गर्ने काम गर्नुहुन्थ्यो । सीमापारि कमाण्डर सुवर्ण शमशेर बस्नुभएको थियो, त्यहाँबाट नेपालीको घर झण्डै एक किलो मिटर टाढा थियो । ठूला मान्छे ओहोर दोहोर गर्दा शंका हुने भएकाले मन्दिरसम्म मुक्ति सेनाका मान्छेले पत्र ल्याउने र त्यहाँबाट घरसम्म लैजाने काम नेपालीलगायत अन्य बालकले गर्थे । उहाँ विगत ६०-६१ वर्षदेखि पत्रकारिता क्षेत्रमा क्रियाशील हुनुहुन्थ्यो भने प्रजातान्त्रिक/लोकतान्त्रिक आन्दोलनहरूमा सक्रिय रहँदा प्रहरीको हिरासत उहाँका लागि पानी पँधेरोजस्तै बन्न पुग्यो भने जेल पनि उहाँका लागि बिरानो छैन । उहाँ ३९ पटक प्रहरी हिरासत र तीन पटक जेल पनि पर्नुभएको छ, त्यो पनि समाचार लेखेकै कारण । तत्कालीन राजा महेन्द्रले २०१७ साल पुस १ गते शासनसत्ता आफ्नो हातमा लिएपछि निकै दुखित हुनुभएका नेपालीले २०१८ सालदेखि सुरु गर्नुभएको पत्रकारिताको यात्रा विरामीले थलिदासम्म कायम थियो ।

नेपाली कांग्रेसका नेता सरोज कोइरालाले बोलाएर उहाँलाई सत्याग्रहमा लाग्न अनुरोध गर्नुभयो । गान्धीको अहिंसावादी विचारबाट प्रभावित नेपालीले आफूले बन्दुक र बम नबोक्ने बरु कलमबाट सहयोग गर्ने बचन दिनु भएको थियो । २०२६ साल कात्तिक गते कांग्रेसले गरेको भद्र अवज्ञा आन्दोलनको समाचार पटनाबाट प्रकाशित हुने 'नेपाल सन्देश' मा उहाँले पहिलो पटक समाचार लेख्नुभएको थियो । त्यतिबेला जनकपुरमा कुनै पत्रिका थिएनन् र काठमाडौं समाचार पठाउन पनि त्यति सजिलो थिएन । बरु पटनाबाट छापिने अखबार देशका मुख्य सबै सहरमा त्यही दिन पुग्थ्यो । पटनाबाट काठमाडौं दैनिक हवाइसेवा थियो, त्यसैले नेपाल सन्देश पत्रिका हरेक दिन बिहान साढे १० बजेतिर काठमाडौंका बजारमा आइपुग्थ्यो ।

प्रजातन्त्रका लागि मिसन पत्रकारिता गर्नुभएका नेपाली समाचार लखेकै कारण २०२१ सालमा पक्राउ पर्नुभयो । जनकपुरमा राजा महेन्द्रलाई लक्षित गरी दुर्गानन्द झाले बम हान्दा त्यसको चश्मादीद गवाह हुनुहुन्थ्यो उहाँ । २०४२ सालमै 'हु इज हु' मा उहाँको वायो डाटा समावेश भयो भने २०४६ सालमा भारतबाट प्रकाशित 'रिफ्रेरेन्स एसिया' नामको किताबमा ११ सय व्यक्तिको बायोडाटामा उहाँको नाम समावेश थियो । नेपालबाट २० जनाको नाम थियो ।

**प्रजातन्त्रका लागि मिसन पत्रकारिता गर्नुभएका नेपाली समाचार लखेकै कारण २०२१ सालमा पक्राउ पर्नुभयो । जनकपुरमा राजा महेन्द्रलाई लक्षित गरी दुर्गानन्द झाले बम हान्दा त्यसको चश्मादीद गवाह हुनुहुन्थ्यो उहाँ । २०४२ सालमै 'हु इज हु' मा उहाँको वायो डाटा समावेश भयो भने २०४६ सालमा भारतबाट प्रकाशित 'रिफ्रेरेन्स एसिया' नामको किताबमा ११ सय व्यक्तिको बायोडाटामा उहाँको नाम समावेश थियो । नेपालबाट २० जनाको नाम थियो**

२०४२ सालमा तत्कालीन एस.पी. नारायण सिंह गुरुङले डाक्टर अमीयकुमार मुखर्जीलाई कुटेको घटना । रेडक्रसका अध्यक्ष हेलेन शाहको सम्मानमा जनकपुरमा भोजको आयोजना गरिएको थियो । त्यहाँ डा. मुखर्जी पनि थिए । हेलेनले त्यहाँको अवस्थाबारे सोधे र डाक्टर मुखर्जीले यहाँ दिउँसै डकैती हुन्छ, प्रहरी रमिते बन्छ भनेर वास्तविक घटना सुनाए । यो पोल लगाएको एसपी गुरुङले भोजबाट बाहिरिँदै गर्दा डाक्टर मुखर्जीमाथि कुटपिट भयो । उहाँ सिलगडी गएर उपचार गर्नुभयो । त्यो समाचार उहाँले काठमाडौंबाट प्रकाशित हुने नयाँ करेन्ट पत्रिकामा ७२ प्वान्टको हेडिङमा मुख्य समाचार बन्यो । यो समाचारले पनि नेपाली प्रहरीको निसानामा हुनुन्थ्यो उहाँ ।

त्यसै कारण पनि २०४२ सालमा भएको बम काण्डपछि उहाँलगायत १४ जनालाई पक्राउ गरी काठमाडौं ल्यायो । नेपाली कांग्रेसले सुरु गरेको भद्रअवज्ञा आन्दोलन चलिरहेका बेला रामराजाप्रसाद सिंहले गराएको बमकाण्डका कारण देशभर धरपक्कड मच्चिएको थियो । रामराजाप्रसाद सिंहसँग नजिक रहेर काम गरेका कारण पत्रकार नेपाली पनि पनि पक्राउ पर्नुभएका थियो ।

सो घटनाको स्मरण गर्दै नेपालीले केही पहिले सहारा टाइम्ससँगको कुराकानीमा भन्नुभएको थियो, "हामी १४ जनालाई हत्कडी लगाएर काठमाडौं ल्याइयो । हातमा घडी थिएन, कति बज्यो भनेर घण्टी बज्दैनथ्यो, सूर्यको रोशनी देखिँदैनथ्यो ।' त्यहाँ पत्रकार राजेश्वर नेपाली र वकिल महेन्द्रप्रसाद सिंहका एक-एकवटा हात एकै ठाउँमा बाँधेर राखिएको थियो । बिहान सौच गर्दा सँगै गर्नुपर्ने त्यो पनि दुवैका हातले, खाँदा सँगै खानुपर्ने, श्रीमतीको साथ मानिस नाङ्गो भएर एकसाथ बस्छन् तर उनीहरू एक साथ दिसा-पिसाब गर्दैनन् तर हामीले नाङ्गो भएर दिसाब-पिसाब सँगै गर्नुपर्ने अवस्था थियो, यो भन्दा बढी यातना के पाउनुपर्छ ? यो नै उहाँको जीवनको सबैभन्दा दुखद क्षण थियो ।

सो घटनामा पक्राउ परेका लक्ष्मीनारायण झा, सत्यनारायण साह, पद्म लामा, ईश्वर लामा, सूर्यनाथ राम यादव, सप्तरीका साकेत चन्द्र मिश्र, दिलीप चौधरीलाई हिरासतबाट बाहिर लगियो र बेपत्ता पारियो, उहाँहरूको अहिलेसम्म कुनै खोजी नीति छैन । संयोगवंश नेपाली भने हाम्रामाझ अहिले पनि कलम चलाइरहनु भएको छ । गणतन्त्रका लागि लडेका तिनीहरूको न त खोजबिन छ न त सरकारले सहिद नै घोषणा गरेका छ ।

२०४३ सालतिरको एउटा सन्दर्भ कोट् याउँदै नेपालीले भन्नुभएको थियो,-"त्यतिबेला हेमबहादुर मल्लको जगजगी थियो । धनुषा जिल्ला पञ्चायतका सभापति बद्रीबहादुर कार्की थिए, कार्कीले पिकनिकमा जाँदा केटीसँग उठबस गरेको समाचार मैले 'लोकमत' साप्ताहिकमा लेखें । त्यसपछि ममाथि हातपात भयो, गाली गलौज भयो । हेमबहादुर मल्लले आफ्ना विरोधी झण्डै तीन सय जनाको पञ्चायतकालमा हत्या गर्न लगाएका थिए, त्यतिबेला उनी र उनका मान्छेका विरुद्धमा समाचार लेख्नु चान चुने कुरा थिएन । ममाथि हातपात भएको सुनेपछि काँग्रेस र कम्युनिस्ट पार्टीका नेताहरूले वक्तव्य जारी गर्दै त्यसको विरोध गरे ।' २५ वर्ष भयो पत्रकारिता गरेको अब छोड्नु पर्‍यो भनेर सोचाइ बनाउनु भएको थियो उहाँ । तर लोकमत साप्ताहिक जनकपुर अञ्चलबाट प्रकाशित हुने पत्रिकामध्ये उत्कृष्ट भई एक हजार राशिको 'पद्मानन्द ट्रस्ट' पुरस्कार प्राप्त पनि उहाँले गर्नुभएको थियो ।

पत्रकारिता गर्दा नै अहिले करोडौं पर्ने जग्गा उहाँले २०३६ सालमा बेच्नुभयो । त्यो क्रम अहिले पनि जारी छ । उहाँ भन्नुहुन्छ- 'पैसा नै कमाउन चाहेको भए मैले कमाउन सक्थें तर निष्ठाको पत्रकारिता गर्ने हुँदा बर्सेनि जग्गा बेचेर गुजरा चलाएको छु । नेपालीका समकालीन पत्रकारहरूमा नेपाल टाइम्स दैनिकका प्रधानसम्पादक चन्द्रलाल झा, इन्द्रकान्त झा, उमाकान्त दास, गोविन्द वियोगी, गोपालदास श्रेष्ठ, फत्तेबहादुर सिंह, मदनमणि दीक्षित, मणिराज उपाध्याय, होमनाथ दाहाललगायत हुनुहन्छ । त्यसमध्ये कतिपय जनाको निधन पनि भइसकेको छ । नेपालीले चन्द्रलाल झाको नेपाल टाइम्स दैनिक र होमनाथ दाहालको राष्ट्रपुकारमा लामो समयसम्म कलम चलाउनु भएको हो ।

दर्जनौं पत्रिकामार्फत कलम चलाउनु भएका नेपालीले सामाजिक सेवाका साथै राजनीतिमा पनि लामो संलग्नता राख्दै आउनुभएको थियो । उहाँका झण्डै डेढ दर्जन कृति प्रकाशित छन् भने ४४ वटाभन्दा बढी संस्थाले गरेका सम्मानको चाङ उहाँसँग छन् । ती सम्मानले आनन्द प्रदान गर्छ तर खान त दिँदैन, त्यसैले खेती किसानबाटै परिवारको गुजारा चलेको जानकारी पनि उहाँले दिनुभएको थियो ।

उहाँले २०२९ सालमा वैदेही साप्ताहिकबाट पत्रकार संघमा प्रवेश गरी विभिन्न पदमा बसेर काम गरिसक्नु भएको छ । पत्रकारिताको क्षेत्रमा नेपालीले पुर्‍याएको विशेष योगदानको कदर गर्दै नेपाल पत्रकार महासंघले २०६४ साल वैशाख २१ गते उहाँलाई 'स्वतन्त्रता सेनानी सम्मान' बाट सम्मानित गर्‍यो । राष्ट्राध्यक्षको समेत जिम्मेवारी सम्हालेका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाबाट उहाँ सम्मानित हुनुभएको थियो ।

पत्रकार भएकै कारण उहाँले वी.पी. कोइराला, पुष्पलाल श्रेष्ठ, मनमोहन अधिकारी, गजेन्द्रनारायण सिंह, गिरिजाप्रसाद कोइराला, कृष्णप्रसाद भट्टराईले आत्मीयपूर्वक गरेका सम्मान र व्यवहार उहाँका लागि सधैं अविस्मरणीय रहनेछ । २०३९ सालमा भारतका राष्ट्रपति सन्जीव रेठी जनकपुर भ्रमणमा आउँदा उहाँसँग हात मिलाउन पाउँदाको क्षण नेपालीको जीवनको सबैभन्दा सुखीको क्षण थियो । पञ्चायती निरंकुश शासनमा राष्ट्रपतिसँग हात मिलाउन पाउनु पनि चानचुने कुरा थिएन ।

अचेत दिनहुँ हुने साक्षात्कार र त्यसका पात्र देखेर उहाँलाई वाक्क लागेको रहेछ । अहिले पत्रकारको संख्या बढ्यो, प्रशिक्षण छैन, पत्रकारहरू बढी पैसा-पैसामा मात्रै लागे, पत्रकारिता चम्क्यो तर पत्रकारितामा जिम्मेवारीपनको निकै अभाव छ, सहारा टाइम्ससँगको कुराकानीमा उहाँको तिखो टिप्पणी थियो । अहिलेको पत्रकारिताप्रति टिप्पणी गर्दै उहाँले भन्नु भएको थियो-" हामी पत्रकारहरू असल भए देशको राजनीति धेरै राम्रो हुन सक्छ । देश यस्तो गन्जागोल हुनका पछाडि गैर जिम्मेवार पत्रकारिता फस्टाउनु पनि मुख्य कारण हो । राम्रो बाटो बनाउनभन्दा पनि भताभुङ्ग बनाउन सहयोग गर्ने कार्य भएको छ, पत्रकारले व्यक्तिगत लाभ वा घाटा के हुन्छ भनेर सोच्नु हुन्न, देशका लागि राम्रो कसरी हुन्छ भनेर दूरदृष्टिको सोचाइ हुनुपर्छ । यस्तो दूरदृष्टि भएमा देश धेरै अगाडि बढ्न सक्छ ।"

राजनीतिक यात्रा पनि लामै गर्नुभएका नेपालीलाई नेताहरूप्रति भने त्यति विश्वास गर्नुभएको थिएन । नेताभन्दा पत्रकारको जिम्मेवारी देशप्रति बढी हुन्छ भन्दै नेपालीले भन्नुभएको थियो, "राजनीतिक दलका नेता पार्टीको स्वार्थमा लागेका हुन्छन्, त्यसवेला देशको स्वार्थ पनि बिर्सन सक्छन्, त्यतिवेला पत्रकारहरूले इंगित गर्न सक्नुपर्छ तर अचेल त सवासी (चाकडी) गर्ने काम बढी भयो, राष्ट्रपति, प्रधानमन्त्री, मन्त्री कसरी खुसी हुन्छन्, त्यतापट्टि अहिलेका पत्रकार बढी लाग्ने गरेका छन्, साक्षत्कारका नाममा जसलाई पनि बोलाउने कार्य भएको छ, त्यो झन ठीक भएन ।"

## कृषक पाना

# कृषि अनुसन्धानको काम गर्दै आएको नार्कमै पाँच सय हेक्टर जमिन बाँझो

देशको कृषि तथा पशु पन्छीलगायत क्षेत्रमा अध्ययन, अनुसन्धान गर्दै आएको नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) अन्तरगंत रहेका जमिनमध्ये पाँच सय हेक्टर जमिन बाँझो भेटिएका छन् । नार्कसँग अनुसन्धान गर्न देशै भर करिब १२ सय हेक्टर जमिन रहेका छन् त्यसमध्ये ५०० हेक्टर जमिन बाँझो भेटिएको नार्कले जनाएको छ । अनुसन्धान तथा अन्य प्रयोजनका लागि करिब ६५० हेक्टर जमिन प्रयोग भइरहेका छन् बाँकीमा जङ्गल झारी रहेको नार्कले जनाएको छ । कतिपय ठाउँमा नेपाली सेना, सशस्त्र प्रहरीले पनि नार्कको जमिन प्रयोग गरिरहेका छन् ।

बाँझो जमिनलाई प्रयोगमा ल्याउने तयारी नार्कले गरेको छ । नार्कका कार्यकारी निर्देशक डा.ध्रुवराज भट्टराईले बाँझो रहेको जमिनलाई कसरी प्रयोगमा ल्याउने त्यसको बारेमा अध्ययन भइरहेको बताउनुभयो । देशभरिका विभिन्न कार्यालयमा जग्गा बाँझो रहेका छन् ती जग्गा के कति कारणले बाँझो रहेको त्यहाँका कार्यालयसँग स्पष्टिकरण माग्ने बताउँदै उहाँले स्पष्टिकरण आइसकेपछि कुन जमिनमा के उत्पादन गर्न सकिन्छ त्यसको अध्ययन गरी उत्पादनमा जोड दिने बताउनुभयो ।

उहाँले भन्नुभयो, 'सकेसम्म बाँझो रहेका जमिनलाई अनुसन्धानकै लागि प्रयोगमा ल्याउने नभए अन्य बाली उत्पादन प्रयोगमा ल्याउँछौं ।' धान, मकै, गहुँ, तरकारी, फलफूललगायत जहाँ जुन बाली उत्पादन हुन्छ त्यहाँ त्यही बाली उत्पादन गर्छौं, त्यसलाई बिक्रि वितरण गरी राजस्वमा दाखिला गर्नेछौं ।'

अनुसन्धानका लागि मात्र सबै जमिन प्रयोगमा ल्याउन सकिदैन भन्दै उहाँले अनुसन्धान मात्र गर्नका लागि साधन स्रोत तथा बजेटको अभाव रहेको छ, त्यसैले भएका कर्मचारीलाई काम लगाउनका लागि बाँझो जमिनलाई सदुपयोगमा ल्याउने तयारी भइरहेको बताउनुभयो ।

नार्क अन्तरर्गत देशैभर ६३ वटा कार्यालय छन् । सबै कार्यालयसँग केही केही जमिन बाँझो भेटिएको छ । चाँडै नै सबैलाई सर्कुलर पठाएर बाँझो जमिनलाई अनुसन्धान तथा उत्पादनमा लगाउने उहाँले बताउनुभयो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयले पनि देशभरी बाँझो रहेका जमिनलाई उपयोगमा ल्याउनका लागि नीति बनाइ रहेको छ । कृषि मन्त्रालयले कार्यदल गठन गरेर बाँझो जमिन बारे अध्ययन गराएको छ र सोही अध्ययन प्रतिवेदनका आधारमा नीति बनाउन लागेको छ । कृषि योग्य जमिन बाँझो रहेको कारण कृषि उत्पादनमा कमी आएको भन्दै ती जमिनलाई कृषिका लागि कसरी उपयोग गर्ने त्यस विषयमा कृषि मन्त्रालय नीतिगत तयारीमा लागेको कृषि विभागका महानिर्देशक डा.हरिबहादुर केसीले बताउनुभयो ।

नेपालमा ५९.९ लाख हेक्टर कुल कृषियोग्य जमिनमध्ये १० लाख हेक्टर जमिन बाँझो रहेका छन् । ती जमिनलाई कसरी प्रयोगमा ल्याएर कृषि उत्पादकत्व र उत्पादनलाई वृद्धि गर्ने त्यसको बारेमा विस्तृत अध्ययन गरेको छ । वास्तविक किसानहरुसँग जमिनको स्वामित्व नहुनु, अनुपस्थित भुस्वामित्वको स्थिति कायमै रहनु, कृषिमा श्रम गर्ने युवा शक्तिको पालयन, न्युन उत्पादकत्व, कृषि उत्पादन सामग्रीहरो कमी, कम नाफामुखी व्यवसाय र अपेक्षित रुपमा सम्मानित पेशाको रुपमा विकसित हुन नसक्नुलगायतका कारणले गर्दा जमिनहरु बाँझो रहन गएको छ । खेतीयोग्य बाँझो जग्गा उपयोग गर्ने सम्बन्धि कार्यविधि २०७२ अनुसार खाद्य तथा पोषण सुरक्षामा सुधार ल्याई संविधान प्रदत्त जनताको खाद्य संप्रभुता बढाउन बाँझो जग्गालाई सदुपयोगमा ल्याउनुपर्ने हुन्छ । बाँझो जग्गामा खाद्यन्न उत्पादन तथा पोषणा सुरक्षाका लागि माकै, धान, फापर, गहुँ, जौ, आलु, कोदो जस्ता बाली लगाउने कृषि मन्त्रालयले जनाएको छ ।

# नेपाललाई अझै २३ लाखभन्दा बढी मेट्रिक टन धान अभाव

नेपालमा २३ लाख ७९ हजार मेट्रिक टन धानको अभाव छ । नेपालीलाई खानदेखि लिएर बिउ, बीजन, दाना, रक्सीलगायत अन्य सबै प्रयोजनका लागि ७९ लाख ७० हजार मेट्रिक टन धानको आवश्यकता छ । तर नेपालमा ५६-५७ लाख मेट्रिक टन मात्र उत्पादन हुन्छ । हुन त खानका लागि मात्र ६८ लाख ७० हजार मेट्रिक टन धान भए पुग्छ । सिर्फ खानका लागि मात्र करिब १३ लाख मेट्रिक टन धानको अभाव छ ।

२३ लाख ७९ हजार मेट्रिक टन नभए पनि कम्तीमा १३ लाख मेट्रिक टन धान उत्पादन गरे मात्र नेपाल धानमा आत्मनिर्भर हुन्छ । र, आत्मनिर्भरका लागि १३-१४ लाख मेट्रिक टन धान उत्पादन गर्नै पर्ने हुन्छ अनि मात्र धानमा आत्मनिर्भर हुन सकिने कृषि तथा पशुपन्छी विकास मन्त्रालयले जनाएको छ । कृषि मन्त्रालय पनि वर्षे धान उत्पादन गरेर मात्र धानमा आत्मनिर्भर हुनसक्दैन, त्यसका लागि चैते धान उत्पादनका लागि योजना बनाइरहेको छ ।

अहिले चैते धान डेढ लाख हेक्टरमा लगाउने गरिन्छ । अझै डेढदेखि दुई लाख हेक्टरमा खेती गर्‍यो भने १३ लाख मेट्रिक टन उत्पादन गर्न सकिने कृषि मन्त्रालयको तयारी छ । वर्षे धानभन्दा चैते धानको उत्पादकत्व बढी छ । त्यही भएर अढाईदेखि तीन लाख हेक्टर जमिनमा चैते धान लगाउन सकियो भने धानमा आत्मनिर्भर हुने कृषि मन्त्रालयले जनाएको छ ।

कृषि मन्त्रालयले धानमा आत्मनिर्भर हुनका लागि चैते धान उत्पादनमा जोड दिएको छ । अगामी आर्थिक वर्षमै धानमा आत्मनिर्भर हुनका लागि चैते धान उत्पादन कार्यक्रमको तयारीमा जुटेको छ र त्यसका लागि सम्बन्धित निकाय निकायलाई कृषि मन्त्री बेदुराम भुसालले निर्देशन समेत दिइसक्नु भएको छ । कृषि मन्त्री डा.वेदुराम भुसालले धानमा आत्मनिर्भर हुनका लागि चैते धान उत्पादनमा जोड नदिइ नहुने बताउनुभयो । जति गरेपनि वर्षे धान यो भन्दा बढी उत्पादन गर्न सकिदैन, उहाँले भन्नुभयो, 'एक त कृषि योग्य जमिन घट्दै गइरहेका छन्, भएका जमिन पनि बाँझो हुन थालेका छन् त्यसले गर्दा वर्षे धान उत्पादनले मात्र लक्ष्यलाई भेटाउन सकिदैन त्यसका लागि चैते धान उत्पादनमा जोड दिनुपर्छ ।' मन्त्री भुसालले यो आर्थिक वर्षमा चैते धान कति जमिनमा लगाउन सकिन्छ, कति उत्पादन गर्न सकिन्छ र त्यसका लागि सरकारले के व्यवस्थापन गर्नुपर्छ सबैको कुराको अध्ययन गरी प्रतिवेदन बुझाउन कृषि अनुसन्धान परिषद् (नार्क)लाई निर्देशन दिइसक्नु भएको छ ।

अढाइ लाख हेक्टरमा चैते धान लगाइयो भने त्यसले हुने उत्पादनले आत्मनिर्भर हुनमा सहयोग पुग्ने भएकाले यो आर्थिक वर्षमा कति हेक्टरमा चैते धान लगाउन सकिन्छ त्यसको सम्पूर्ण अध्ययन प्रतिवेदन चाँडै दिनका लागि उहाँले निर्देशन दिनुभएको छ । उहाँले निर्देशन दिँदै भन्नुभयो, 'चैते धानका लागि सिंचाई चाहिन्छ त्यसका लागि मैले सिंचाई मन्त्रीसँग कुराकानी अगाडि बढाएको छु, कहाँ कहाँ चैते धान लगाउन सकिन्छ, त्यसका लाग बिउ, सिंचाई, औजार, मललगायत के के चाहिन्छ सबैको बारेमा लिखित जानकारी चाँडै गराउनुस् काम तत्काले सुरु गरिहाल्नुपर्छ ।'

यो आर्थिक वर्षमा एक लाख ७५ हजार हेक्टरमा चैते धानको खेती गर्न सकियो भने धानमा नेपालले लिएको लक्ष्य पुरा गर्न सकिने संयोजक यादवले दावी गर्नुभयो । तर त्यसका लागि आजै का मितिबाट लाग्नुपर्छ, । चैते धान कहाँ कहाँ लगाउन सकिन्छ, त्यहाँ सिंचाईको सुविधा कस्तो छ, किसान कस्ता छन्, बिउ, मलको अवस्था कस्तो छ, लगानी कस्तो छ सबै कुराको अध्ययन गरेर योजनाबद्ध तरिकाले खेती सुरु गर् यो भने अगामी आर्थिक वर्ष धानमा आत्मनिर्भर हुन कसैले रोक्न सक्दैन ।

नार्कले चैते धानसम्बन्धी अध्ययन २०७४ सालदेखि थालेको हो । २०७४ सालमा नार्कले चैतमा किसानलाई चै ते-५ जातको धान लगाउन सकिने सिफारिस गरेको थियो । त्यही बेलादेखि चैते धानमा सरकारले लगानी गर्न सुरु गरेको देखिन्छ ।

# डीडीसी बारेमा अध्ययन गर्न कार्यदल गठन गर्‍यो मन्त्रालय

कृषि तथा पशुपन्छी विकास मन्त्रालयले दुग्ध विकास संस्थान (डीडीसी)को बारेमा अध्ययन गर्नका लागि एक कार्यदल गठन गरेको छ । डीडीसी धरासायीको अवस्थामा पुगेपछि कृषि मन्त्री डा.वेदुराम भुसालको निर्देशनमा सो कार्यदल गठन गरिएको हो । कार्यदलले दिने प्रतिवेदनको आधारमा डीडीसीलाई पुनसंरचना गर्ने तयारी कृषि मन्त्रालयका रहेको छ । डीडीसी किसानको बक्यौता रकम नदिने अवस्थामा पुगेको छ । ५० करोडभन्दा बढी रकम किसानलाई दिएको छैन । तीन महिनादेखि किसानले डीडीसीको रकम पाएको छैन । त्यही कारण बाध्य भएर मन्त्री भुसालले कार्यदल गठन गरेर अध्ययन गराउन सुरु गर्नुभएको छ ।

पशु सेवा विभाग अन्तरर्गतको राष्ट्रिय पशु आहार तथा लाइभस्टक गुण व्यवस्थापन प्रयोगशालाका प्रमुख डा.सूर्यप्रसाद पौडेलले संयोजकत्वमा सात सदस्यीय अध्ययन कार्यदल गठन भएको छ । मन्त्रीस्तरीय निर्णयबाट गठन भएको सो कार्यदलले अध्ययन गरेर दुई महिनाभित्र आफ्नो प्रतिवेदन मन्त्रीलाई बुझाउने कृषि मन्त्रालयले जनाएको छ ।

डीडीसी घाटामा गइरहेको छ, किसानको भुक्तानी पनि समयमा दिन सकिरहेको छैन, आम्दानीभन्दा लगानी बढी भएको छ, जनशक्तिको भार पनि बढेको छ, यी सब कारणले डीडीसी दिनदिनै धरासायी अवस्थामा पुगि रहेको छ । तीन महिनादेखि किसानलाई भुक्तानी दिएको छैन । किसानलाई करिब ५० करोड रुपियाँ भुक्तानी दिन बाँकी छ भने यता ५० करोड रुपियाँ भन्दा बढीको धुलो दुध, बटर बिक्रि नभएर भण्डारमा थन्केर बसेको छ ।

कर्मचारीलाई उपदान दिने कोषमा रकम छैन । नागरिक लगानी कोष र सञ्चयकोषमा नियमित रकम दाखिला भएको छैन । सरकारसँग लिएको सहुलियत ऋणको रकम पनि चुक्ता गर्न सकेको छैन । यी सब कारणले डीडीसीको अवस्था दिन दिनै कमजोर भइरहेको देखेर कृषि मन्त्री डा.बेदुराम भुसालले अध्ययनका लागि कार्यदल गठन गर्नुभएको छ ।

डीडीसीलाई पूर्णरुपमा रुपान्तरण गर्नका लागि यो कार्यदल गठन गरिएको हो । यसअघि पनि मन्त्रालयले डीडीसीको बारेमा अध्ययन गर्न एउटा कार्यदल गठन गरेको थियो । त्यसले अध्ययन गरेर मन्त्रालयमा प्रतिवेदन बुझाएको थियो ।

# लम्पी स्किनभन्दा खतरनाक रोग केरामा

कृषि अनुसन्धान परिषद् (नार्क)ले केरामा लाग्ने हालसम्मकै खतरनाक रोग फेला पारेको छ । पानामा (टिआरसी ४) को त्यो रोगलाई नियन्त्रण गर्न सकिएन भने देशभरका केरा बाली नै नष्ट गर्न सक्ने क्षमताको रोग रहेको अध्ययनमा संलग्न एक वैज्ञानिकले बताउनुभयो । पानामा टिआर ४ ले खासगरी जि-नाइन, विलीयम हाइब्रिडलगायत धैरै जसो केराका जातहरुमा आक्रमण गर्ने गरेका छन् । यो रोग लागेमा सुरुमा पुराना पातको फेद पहेलो हुने त्यसपछि पातको किनारा पहेलिन थाल्छन् र पात सुकेर डाँठहरु भाँचिने गरेको वैज्ञानिकहरुको अनुसन्धानबाट देखिएको छ । वैज्ञानिक खड्काले पानामा रोग फ्युजारिया अक्सिस्पोरियम क्युबेन्स ढुसीद्वारा लाग्ने गरेको बताउनुभयो । यो ढुसीको ४ वटा रेसहरु (प्रजाति) हुन्छन् । ती मध्ये रेस २ र ३ जङ्गली जातको केरामा लाग्ने गरेको अनुसन्धानबाट देखिएको उहाँले बताउनुभयो । नेपालमा मालभोग र अरु स्थानीय जातका केरामा रेस १ लाग्ने गरेको र केही वर्षदेखि चितवनलगायत अन्य क्षेत्रमा यो रोग देखिन थालेको थियो । उहाँका अनुसार रेस ४ जसलाई टिआर ४ भनेर चिनिन्छ, त्यो रोगलाई टिकापुर क्षेत्रमा पिसिआरको साथै जिन सिक्वेन्सिङ विधिद्धारा पत्ता लगाउन मात्र सकिएको हो । यो रोगलाई कसरी नियन्त्रण गर्ने त्यसका लागि कृषि तथा पशुपन्छी विकास मन्त्रालयले छ सदस्यीय एक कार्यदल गठन गरेको छ । सो कार्यदल अध्ययनको क्रममा रहेपनि कृषि मन्त्री भुसाललाई आफ्नो प्रारम्भिक प्रतिवेदन बुझाई सकेको छ । नेपालमा पहिलो पटक देखापरेको पानामा रोग (टिआर ४) को बारेमा थप अध्ययन गर्न त्यो कार्यदल गठन गरिएको हो । नार्कअन्तरर्गतका राष्ट्रिय बाली रोग विज्ञान अनुसन्धान केन्द्रका वैज्ञानिक डा.रामबहादुर खड्काको संयोजकत्वमा छ सदस्यीय कार्यदल गठन भएको कृषि विभागका महानिर्देशक डा.हरिबहादुर केसीले बताउनुभयो ।

यो कार्यदलले यो रोगबाट बच्नका लागि के कस्तो उपाय अपनाउनु पर्छ त्यसको बारेमा पालिका, कृषि ज्ञान केन्द्र तथा किसानलाई जानकारी दिने जानकारी मुलक सन्देश तयार गर्नेछ । साथै कै लालीको टिकापुरमा जहाँ यो रोग पहिलो पटक यो रोग फेला परेको छ, त्यसको स्थालगत अनुगमन गरी सम्पूर्ण जानकारी संकलन गरी प्रतिवेदन तयार गर्ने छ । सोही प्रतिवेदनको आधारमा थप कार्यक्रमहरु तयार गर्ने महानिर्देशक केसीले बताउनुभयो ।



## समाचार/विविध

**भारत...**

जहाँबाट सबभन्दा बढी घुसपैठ हुने गरेको भारत पक्षको आरोप छ। भारतको बेतिया, मोतिहारी, सितामढी, किशनगञ्ज, अररिया, मधुवनी जस्तो ठाउँबाट तस्कार तथा विदेशीहरु छिर्छन्। भारत छिर्नका लागि तराई मधेशका स्थानीयलाई प्रयोग गरेका हुन्छन्। जसले दिनहुँ नेपाल-भारत सीमा ओहरदोहोर गरिरहेका हुन्छन्, सबै कुराको जानकार हुन्छन् उनीहरु चाइनिजलाई सीमा कटाएका हुन्छन्। चाइनिजहरु पहाडी जस्तो देखिने भएका हुनाले नेपाल-भारत बोर्डरमा खटिएका सुरक्षाकर्मीले त्यति वास्ता गरेका हुँदैनन्। समान्य सोधपुछ गरेर छाडेका हुन्छन्।

एक वर्ष पहिले अवैध रुपमा भारत छिरिसकेका दुई चिनियाँ नागरिक भारत घुमघाम गरेर फर्किने क्रममा महोत्तरीको जलेश्वरबाट नेपाल छिर्न खोज्दा भारतीय एसएसबीले पुछताछ गरेपछि उनीहरु पक्राउ परेका थिए। उनीहरु दिल्ली घुमघाम गरेर उत्तर प्रदेश हुँदै नेपाल फर्केका थिए। उनीहरुसँग नेपालको भिसा लागेको पासपोर्ट फेला पारेको थियो।

नेपालमा २०७४ मा नेकपाको सरकार बनेपछि चाइनिजहरुका लागि नेपाल प्रवेश सहज बनाइएका थियो। नेपालले सरकारले चीनले विभिन्न परियोजनाहरु दिएको थियो। त्यो परियोजनामा काम गर्ने बाहानामा चीनबाट विभिन्न खालका चाइनिज नेपाल छिरेका थिए। चिनियाँ कम्पनीको जहाँ जहाँ काम चलिरहेको थियो त्यहाँ त्यहाँ चाइजिन कामदारहरु प्रयोग गरेका छन्। त्यसले गर्दा नेपालको कुना कुनामा चाइनिजहरुको पहुँच बढ्यो। विभिन्न भिसामा आएका चिनियाँहरु नेपालमा अवैध रुपमा बस्न थाले। कोही अवैध रुपमा व्यपार गर्न थाले भने कोही चोरी लुटपाटमा संलग्न भए भने कोही सरकारी संयन्त्रमा काम गर्न थाले।

र, अहिले ती सबै विस्तारै विस्तारै मधेशतिर सर्न थाले। उनीहरुको उद्देश्य हुँदै मधेश हुँदै खुल्ला सीमा प्रयोग गरेर भारत छिर्नु नै हो। मधेशका सरकारी संयन्त्र तथा नेताहरुसँग सम्बन्ध बनाउँदै मधेशमा चहल पहल बढाउन थालेका छन्। भारतसँग जोडिएको नेपालको सीमाबाट खुल्ला रुपमा भारत जन उनीहरुलाई सजिलो भयो। मधेशीहरुको सहयोगमा सजिलैसँग भारत छिरे। कतिपय बोर्डरमै समातिए भने कतिपय भारत छिरेर त्यहाँ अवैध रुपमा बसिरहेका छन्।

मधेशमा सडक निर्माणदेखि लिएर विभिन्न कन्ट्रक्सनका काम चलिरहेका छन्। त्यहाँ चाइनिज कामदार भएर बसेका छन्। भारत छिर्न पटक पटक छिर्न खोजेको प्राप्त विभिन्न तथ्याङ्ले पुष्टि हुन्छ। अहिले सुनकाण्डमा समातिएका चाइनिजहरुको साथबाट धमाधम नेपाली नागरिकता प्राप्त भइरहेका छन्। ती नागरिकता पक्कै पनि नेपाली अधिकारीले नै दिएका होला। कतिपय चाइनिजहरु तराई मधेशका जिल्लाबाट पनि नागरिकता प्राप्त गरेका छन्। अब चाइनिजहरुको नजर मधेशमा खुलेका दुईटा विश्व विद्यालयमाथि छ। मधेश विश्व विद्यालयमा लगभग चाइनिजहरु प्रवेश नै गरिसकेका छन्। काठमाडौ विश्व विद्यालयका युवराज घिमिरेको मार्फत मधेश विश्व विद्यालयमा इन्ट्री गरेको स्रोतले दावी गरेको छ। त्यस्तै मधेश कृषि विश्व विद्यालयका लागि पनि आफ्नो सुत्र खोजिरहेका छन्। मधेशको कृषि विश्व विद्यालयमा लगानी गर्ने प्रस्ताव विभिन्न स्रोतमार्फत गरिरहको बुझिएको छ तर अहिलेसम्म त्यस्तो भरपर्दो मान्छे फेला परेको छैन।

**दिल्लीबाट...**

पार्टी विघटनको अवस्थामा पुगेको छ, यसको जिम्मेवारी नेतृत्व पक्ष लिने कि नलिने प्रश्न गर्दै नेता कर्णले पार्टीमा नेताहरु जोगाउन गाह्रो भइरहेका धारणा राख्नुभयो। लोसपाको नेता छु जस्तो लाग्दैन, कुनै कामै छैन, कुनै जिम्मेवारी नै छैन, पार्टीका लागि के गर्ने, के नगर्ने जस्तो अवस्था सृजना भएको भन्दै अब पनि ढिलो भयो भने पार्टीले धेरै ठूलो मूल्य चुकाउनुपर्ने हुन्छ र यसको जिम्मेवारी नेतृत्व पक्षले लिनुपर्ने धारणा राख्नुभएको थियो।

अर्का कार्यकारिणी सदस्य सर्वेन्द्रनाथ शुक्लाले पार्टी कमिटी फर्मेशन चुनावअघि नै हुनुपर्ने थियो, त्यो नगरेर धेरै ठूलो गल्ती भएको छ र त्यसको जिम्मेवारी सबैले लिनुपर्ने धारणा राख्नुभयो। उहाँले अब पनि ढिलो भयो भने पार्टीमा कोही पनि बाँकी रहदैन, जिल्लामा भएका नेता तथा कार्यकर्ताहरु अरु अरु पार्टीमा गइरहेका छन् जोगाउन निकै मुश्किल भइरहेको छ त्यसैले ढिलो नगरी चाँडै भन्दा चाँडै केन्द्रीय समितिलगायत अन्य समितिहरु चयन गरेर धोषणा गर्न उहाँले आग्रह गर्नुभयो। त्यस्तै, धारणा कार्यकारिणी सदस्य जितेन्द्र सोनल, अकवाल अहमदलगायतको थियो।

अध्यक्ष ठाकुरले ३२४ जनाको केन्द्रीय समिति चयन गरेको र त्यसमा १०८ जना महिला राखेको जानकारी बैठकलाई गराउनु भएको थियो। पदाधिकारी, कार्यकारिणी समितिलगायत अन्य समिति पनि चाँडै तयार गरेर सार्वजनिक गर्ने प्रतिवद्धता उहाँले जनाउनु भएको थियो। बैठक बसेको पाँच दिन भइसक्यो तर हालसम्म गर्नुभएको छैन।

**उपेन्द्र...**

थियो। त्यति मात्र होइन, उपेन्द्र यादवले भारत जानुअघि नक्कली भुटानी शरणार्थी बेचबिखन गरेको आरोपमा जेलमा रहनु भएका काँग्रेसका नेता बालकृष्ण खाँणलाई समेत भेट्नु भएको छ। स्रोतका अनुसार भेटमा अध्यक्ष उपेन्द्र यादवले सिधै भन्नुभएको थियो, 'चाइनाको गेम प्लानमा गृहमन्त्री नारायणकाजी श्रेष्ठले तपाईलाई फँसाउनु भएको हो।' खाँणलाई फँसाएको कुरा उहाँले त्यो भेटपछि दिनुभएको एक टीभी अन्तरवार्तामा पनि भन्नुएको थियो।

एमालेसँगको भेटमा माओवादीले धेरै बदमासी गर्‍यो, अब काँग्रेसलाई साथमा लिएर हिड्नु पर्छ भनि सहमति गर्नुभएको स्रोतले दावी गरेको छ। यदि काँग्रेसले साथ दिएन भने राप्रपा, रास्वपालगायत साना दलहरुलाई मिलाएर अर्को सरकार बनाउने र त्यसको प्रधानमन्त्री उपेन्द्र यादव बन्नेसम्मको सहमति भएको नेपालमा चर्चा छ। सायद त्यहीं कुराको जानकारी पाएर माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्डले डा.सिके राउत नेतृत्वको जनमत पार्टीलाई हतार हतारमा सरकारमा भित्र्याउनु भएको छ भने राप्रपालाई पनि प्रदेशदेखि केन्द्रसम्म स्थान दिने तयारीमा लाग्नु भएको छ। त्यस्तै अवस्था आयो भने उपेन्द्र यादवलाई दिएको दुईवटा मन्त्रालयमध्ये एउटा झिकेर राप्रपालाई पनि दिन सक्छ भनि चर्चा सिहंदरवारतिर व्यापक सुनिन्छ। पछिल्लो समय एमाले र राप्रपाको दुरी बढेको छ भने प्रचण्ड र राप्रपाको दुरी घटेको छ।

**एमालेमाथि...**

ध्यान दिएन, यस्ता थुप्रै प्रश्न एमालेसँग गर्न सकिन्छ। तर एसीमा बसेर जारको पानी खाएर ४५ मिनट मात्र बैठक गरेर वाहवाही लिन खोजेको एमालेले मधेशी जनतालाई बेवकुफ बनाउन खोजेको प्रष्ट छ। एमाले मिसन ८४ मा हिडेको छ। ८४ मा जित्नका लागि यस्ता यस्ता थुप्रै स्टन्ट एमालेले गर्न सक्छ। मधेशी जनतालाई लोभ्याउनका लागि उसले जे पनि गर्न सक्छ। एमालेले कहिले सिके राउतको बुँई चढेर मधेश छिर्‍यो भने कहिले महन्थ ठाकुरको त कहिले उपेन्द्र यादवको। तर विस्तारै विस्तारै सबैले साथ छाडेपछि विभिन्न बहानामा मधेशीको घरघर छिर्ने प्रयत्न गरिरहेको छ। एमालेको मनसुवा मधेशी जनताले राम्रोसँग थाह पाइसकेका छन् र सचेत भइसकेका छन्।

*(लेखक विजय यादव जसपाका नेता हुनुहुन्छ)*

**रामबालक...**

भएको थियो। तर, हुलाकी सडक, कमला र बलान पुलको निर्माणको लागि निर्लिप्त लागेकोले मिटरब्याजमाथि ध्यान नै दिन सकिरहेको थिइन। किनकि म पनि यसबाट नराम्ररी थिचिएको थिए। आफ्नो कर्ज सधाएर अनि आन्दोलन गर्ने सुरेन्द्रजीको सोच अनुरुप काम गर्ने ध्येय थियो।

जसलाई रामबालक सरले धुयाधार विरोध गरिरहनु भएको थियो। किनकि उहाँको सबैभन्दा जेहेन्दार शिष्य मनोज पासवानलाई म हुलाकी सडक संघर्ष समिति सिरहाको संयोजक बनाएको थिए। एकदिन भेंट गर्न गएको बेला आंगनमा नै शितयुद्ध छिड्यो। त्यस दिनदेखि मनोजजी मिटरब्याज विरुद्धको संघर्षमा निर्लिप्त लाग्नुभयो जसलाई मैले इमान्दारीसाथ सघाएको मात्र हो। म र मनोज पासवान आन्दोलनकारीको रुपमा मिटरब्याजलाई कानुनी दायरामा ल्याउन सफल भएपनि विचारको प्रष्टफुटन रामबालक सरबाट नै भएको थियो।

**रामबालक पाउन मुस्किल**

रामबालक यादवको लागि एउटा प्रोभर्व लागु हुन्छ 'जैक अफ अल ट्रेड्स बट मास्टर अफ नन।' उहाँ वास्तवमा धेरै विषयको ज्ञान राख्नु हुन्थ्यो तर कुनैमा पनि पोख्त हुनुहुन्थेन भन्ने कुरा उहाँले आफ्नो जीवनकालमा गरेको कार्यबाट पुष्टि हुन्छ। त्यसैले धेरैतिर हात हाल्नुभन्दा एकाग्रचित भएर एउटा मात्र राम्रोसँग काम गर्न सके त्यसले नै विश्वविख्यात बनाउँछ। अर्थात् 'थिन्क ग्लोबली बट एक्ट लोकली' को सिद्धान्त अनुरुप काम गर्न सके फलदायी हुन सक्ने सम्भावना बढी हुन्छ।

रामबालक सर यस अर्थमा असफल सावित हुनुभयो। होइन भने उहाँको जस्तो प्रतिभा समाजमा विरलै जन्मिन्छन्। औरही गाउँपालिकाके सिरहाको दक्षिणी भेकमा त छदै छैन भन्दा पनि हुन्छ। सिरहाको सात लाख ४८ हजार ८ सय १६ जनसंख्यामध्ये मुस्किलले भेट्ला। शब्दश्रद्धान्जली।

*(जगियाजानकी कुटिर, सन्हैठा सिरहा)*


**आँखा पाक्ने रोगका लक्षण**

- आँखा रातो हुने र चिलाउने
- आँखाबाट आँसु बगिरहने, कचेरा/चिप्रा लाग्ने
- आँखाको ढकनी रातो हुने, सुन्निने
- आँखा बिझाउने/दुख्ने
- घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने

*यस्ता लक्षण आँखा पाक्ने रोगका हुन सक्छन्। यस्ता समस्या देखिए तत्काल चिकित्सकसँग परामर्श लिऔं।*

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**







**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार